# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**




फोटो उत्तमधर तुलाधर

चैत्र पूर्णिमा

**धर्मोदय सभाको आयोजनामा २०५७ फागुन २४ गते, शान्ति मौन विरोध जुलुस**

DHARMAKIRTI

वर्ष- १८ अङ्क- १२ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

## सम्पादकीय

# विनाशकाले विपरीत बुद्धि

प्रज्ञा अर्थात् विवेक बुद्धिले पशु र मानिस बिचको भिन्नतालाई प्रष्टाइदिएको हुन्छ। खाने, सुत्ने र कामसुख भोग्ने कार्य त पशुले पनि गरिरहेकै हुन्छ। तर पशु जातीमा विवेक बुद्धि हुँदैन भने मानिसमा विवेक बुद्धि हुन्छ। त्यसैले विवेक बुद्धिहीन कार्य गर्ने मानिसलाई पशु जस्तै भनी पशुको संज्ञा दिने गरिन्छ। विवेक बुद्धिले बललाई जितेको हुन्छ। त्यसैले होला हात्तीको टाउको र शरीर ठूलो भई मानिसभन्दा बलवान भएपनि उनीहरूको विवेक बुद्धि कमजोर भएको कारणले गर्दा हात्तीभन्दा मानिस आकारले धेरै सानो भएपनि उसले हात्तीमाथि चढी हात्तीलाई दास बनाउन सफल भए। विवेक बुद्धि भएको प्राणीमा आफूले गर्न लागेका कार्य कतिसम्मको ठीक छ, छैन भन्ने कुरोलाई छुट्टाउन सक्ने क्षमता हुन्छ भने विवेक बुद्धिहीन मानिसले यस महत्त्वपूर्ण क्षमतालाई गुमाई आफूलाई नै हानी हुने कार्य गरी रमाइरहेका हुन्छन्।

गौतम बुद्धको सिद्धान्त अनुसार कुनै काम गर्दा आफूलाई र अरुलाई पनि हित हुने कार्य गर्न सक्नुपर्छ। यस्तो कार्य विवेक बुद्धि भएको व्यक्तिले मात्र गर्न सक्नेछ। आफ्नो नीजि स्वार्थको वसमा लागी अरुको चित्त दुखाउने कार्यलाई विवेक बुद्धिहीन कार्य भनिन्छ। यस्तो कार्यले आफूलाई क्षणिक सुखको अनुभव मात्र गराउँछ भने पछि यसले नराम्रो फल भोगाई छोड्छ। किनभने यो एक प्राकृतिक नियम हो। राम्रो कार्यले राम्रै फल दिन्छ भने नराम्रो कार्यले नराम्रो फल चखाउँछ। यस्तो खराव कार्य जसले गर्छ त्यस्तो व्यक्ति वा संस्थाले समाज, देश र संसारको अगाडि विश्वासिलो पात्र बन्न सक्दैन। यस्तो स्वार्थपूर्ण कार्य विनाशकारी हुने भएकोले यसले लाभ होइन हानी मात्र गर्नेछ। त्यसैले यस्तो कार्य गर्ने जोसुकै प्राणीले पनि विनाशकाले विपरीत बुद्धिको फल प्राप्त गरिरहेको हुनेछ।

यही सिलसिलामा हामीले अफगानिस्तानका धार्मिक नेता र शासकहरूको विवेक बुद्धिहीन कार्यलाई उदाहरणको रूपमा हालै देखिरहेका छौं। विश्व सम्पदाको रूपमा गनिएका हजारौं वर्ष पुराना प्राचिन बुद्ध मूर्ति (विश्वमा ठूलो बुद्ध मूर्ति मानिएको) लाई आफ्नो स्वार्थको वसमा लागी चूर्ण पारी भत्काउँदै मिल्काउने गरेको उनीहरूको यस कार्यलाई विश्वका कैयन राष्ट्रले बर्बरतापूर्ण कार्यको रुपमा निन्दा गरिरहेका छन्। अफगानिस्तानको तालिवान सरकारले गर्न लागिरहेका यस कुकृत्य सभ्य शिष्ट र उच्च मानव इतिहासकै निमित्त एक कलंकित परिच्छेद बनेको छ। त्यति मात्र होइन यस कार्यले गर्दा अफगानिस्तानको नै प्रतिष्ठा घटी ठूलो क्षति बन्न पुगेको छ। जसलाई भन्न सकिन्छ विनाशकाले विपरीत बुद्धि।

यस निन्दनीय कार्यलाई बुद्ध अनुयायीहरूले विरोध गर्नु कुनै नौलो कुरो अवश्य पनि होइन। अन्तर्राष्ट्रिय मुश्लिम सम्प्रदाय वर्ग र बंगलादेशले पनि यस कार्यप्रति विरोधको आवाज उठाएका छन्। सत्तारूढ अवामी लिगका महासचिव जिलुर रहमानले यस कार्यलाई घोर भत्सर्ना गर्नुभएको कुरो थाहा हुन आएको छ। यसरी नै बंगलादेशका बुद्ध महासंघले "बुद्धका मूर्तिहरू नष्ट गर्ने यस कार्यलाई जंगली र कठोर धार्मिक परम्परावाद गन्धको असभ्यता भएको र यस कार्यबाट विश्वका बुद्ध धर्मावलम्बीहरूको भावनामा चोट पुगेको" कुरा जनाएको छ। नेपाल मुश्लिम समाज सेवा संघ बिराटनगरले यस कार्यलाई निन्दा गर्दै संघका केन्द्रिय अध्यक्ष हसन अन्सारीले एक विज्ञप्ती जारी गरी संसारका शान्ति प्रिय मानिसका लागि प्रेरणा स्रोत बुद्धको अपमान गर्ने यस कार्यले शान्तिमा खलल पुऱ्याउने कुरा उल्लेख गर्नुभयो। उक्त विज्ञप्तिमा शान्तिका प्रतिक बुद्धको शालिक भत्काउने कार्यलाई अविलम्ब रोक्न सम्बन्धित सबै पक्षसंग आग्रह पनि गरिएको कुरा बुझिन आएको छ।

यसरी बुद्धमूर्ति भत्काउँदैमा राष्ट्रलाई के फाइदा हुने होला ? गरीबी निवारण हुने हो कि ? विश्वमा नै मुश्लिम धर्म तीव्ररूपमा प्रचार हुने हो कि ? तर जन मानसले त यो कार्यलाई अति संकुचित, पूर्वाग्रहपूर्ण र धार्मिक कट्टरपनको रूपमा लिएको देखिन्छ। कस्तो अदूरदर्शितापूर्ण कार्य हो यो ? भारतको कट्टरपन्थी हिन्दूहरूले अयोध्यामा मस्जिद भत्काइएको बदला लिनको लागि अफगानिस्तानको बुद्ध मूर्तिहरू भत्काइएको त होइन ! भन्ने जनगुनासो पनि सुन्न थालिएका छन्।

जेहोस् समयमै तालिवान सरकारले मैत्रीपूर्ण र दूरदर्शीपूर्ण विवेक बुद्धि प्रयोग गरी विश्वका लागि नरमाइलो लागिरहेको यस कार्यलाई जति सक्यो त्यति छिटो रोक्नेछ भनी धर्मकीर्तिले कामना गरेको छ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२

**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४४
नेपालसम्वत् ११२१
इस्वीसम्वत् २००१
बिक्रमसम्वत् २०५७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |



DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

*A Buddhist Monthly*

**MARCH, 2001**

| वर्ष- १८ | अङ्क- १२ | चैत्र | पूर्णिमा २०५७ |
|---|---|---|---|





★ मनको स्वभाव हो जुनसुकै काममा पनि अगुवा हुनु, र मन मुख्य भएर जताततै पुगेको हुन्छ। त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गर्‍यो भने गोरुको पछिपछि गाडाको पांग्रा गए झैं आए झैं दुःख पछि लागेर आउँछ।

★★★

★ रीसले वैरभाव शान्त हुने छैन, प्रेम भावले मात्र वैरभाव शान्त हुन सक्छ। यही पहिलेदेखि चली आएको धर्म हो।

★★★

★ मूर्खले मात्रै हामीले एकदिन अवश्य मर्नुपर्छ भनि विचार गर्दैन, 'हामी मर्ने छौं' भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ।

★★★

# तित्थ जातक

✍ प्रकाश बज्राचार्य

आश्चर्यको कुरो ! घोडो त्यो तलाउमा ओर्लन मान्दै मानेन । जति बल गरे पनि पानीमा खुट्टा राख्दै राखेन । घोडो उही थियो । तलाउ उही थियो । घोडोलाई नुहाउने सैनिक उही थियो । तर किन हो किन घोडोले आज नुहाउन मानेन । दिनहुँ त्यो घोडोले त्यही तलाउमा नुहाउने गर्थे । वर्षौंदेखि अटुट रूपले चलेर आएको नित्यकर्म गर्न घोडोले आज अस्वीकार गऱ्यो ।

सैनिक चकित थिए । के हो, किन हो केही ठम्याउन सकेन उनले । हिजोसम्म कति रमाई रमाई त्यही तलाउमा नुहाउने गर्थ्यो त्यो घोडोले । आज बहिस्कार गरेकोले घोडोलाई नुहाउने सैनिक तीन छक्क परेका थिए । जति जतन गरेता पनि बिफल भएकोले केही शीप नलागी सैनिक दर्वारमा फर्के ।

राजाको दरवारमा पनि हलचल भयो । कुरो सानो थियो । तर रहस्यमयी थियो । सधैं नुहाउन हुने आज नुहाउन नहुने–किन होला ? सबैलाई कौतुहल लाग्यो । मन्त्री भारदारहरू भेला भई विचार विमर्श गर्न थाले । यो अनौठो रहस्य पत्तो लगाउनको लागि राजाले आफ्ना एक विशिष्ट सल्लाहकारलाई खताए ।

राज-सल्लाहकार घटनास्थलमा पुगे । घोडोलाई हेरे । घोडो अति स्वस्थ थियो । निरोगी थियो । राजाको सबभन्दा मनपर्ने घोडो थियो । मंगल घोडो थियो । टाउकोदेखि पुच्छरसम्म सेतो थियो । लामा लामा खुट्टाले घोडोको फूर्तिलोपन दर्शाइराखेको थियो । तलाउको छेउमा स्वाभिमानताकासाथ उभिराख्ने त्यो मंगल घोडोलाई राज–सल्लाहकारले नियालेर हेरे ।

तलाउतिर हेरे राज-सल्लाहकारले । तलाउ राम्रो थियो । निर्मल थियो । रमणीय थियो । केही खरा यालहरू पानीमा उत्तिरहेका थिए । राज-सल्लाहकारले सैनिकसंग सोधे, "के यो तलाउमा कुनै अर्को घोडोलाई पनि नुहाइसकेछ ?"

"हिजो दिउँसो हतारमा एउटालाई नुहाएको थियो ।"

मुसुक्क हाँसे राज-सल्लाहकार । भने, "यो मंगल घोडोलाई नजिकै नयाँ बनेको तलाउमा नुहाउन लग । उसले नुहाउने छ ।"

सैनिकले पनि घोडोलाई अर्को तलाउमा नुहाउन लगे । मंगल घोडोले पनि नाइँनास्ति नगरी नुहायो ।

राजाकहाँ खबर पुग्यो । उनी उत्सुक थिए रहस्य जान्न । राज-सल्लाहकारले कारण बताए, "महाराज, त्यो तलाउमा अर्को घोडोलाई पनि नुहाएकोले हजूरको प्यारो मंगल घोडोले स्वाभिमानतावश त्यही जूठो तलाउमा नुहाउन चाहेको थिएन ।"

"स्याबास ! तिमी साँच्चै बुद्धिमान रहेछौ । मानिसको मात्र होइन, पशुहरूको मनोविज्ञान पनि बुझ्न सक्ने रहेछौ । तिमी जस्ता सल्लाहकार पाए म धन्य छुँ ।" राजा गद्‌गद् भए ।

यो जातक कथा भगवान् बुद्धले सारिपुत्रको एक शिष्य भिक्षुको सम्बन्धमा बताउनु भएको थियो । यसमा राज-सल्लाहकार हुने स्वयं बोधिसत्व थिए । ■

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

- ध्यानकुटी संरक्षण समिति रू. ५०००/-
- राजेन्द्र शाक्य थैना, पाटन रू. ५०००/-
- भिक्षु अश्वघोष रू. २०००/-
- स्व. दिदी इन्द्रकुमारी बज्राचार्य स्मृतिमा धूपरत्न वज्राचार्य, ठहिटि, क्वावहा रू. १५००/-
- सामाजिक विकास संघ, बनेपाबाट २६ मीटर फलाचिन कपडा लक्ष्मी बाँडे, बनेपा वडा सदस्य मार्फत प्राप्त भएको छ ।

## बौद्ध पुस्तक विक्रि केन्द्र

ढल्कोस्थित संघाराममा बौद्ध पुस्तक विक्री पसल खोलेको समाचार छ । बुद्धधर्म सम्बन्धी नेपालभाषा (नेवारी) नेपाली र अंग्रेजी पुस्तक पाइन्छ ।



Downloaded from http://www.dhamma.digital

# धर्म र जीवन

✍ श्रीकृष्ण श्रेष्ठ

धर्म र जीवन अलग अलग विषयहरू हुन् । तापनि यी दुई वीच परस्पर घनिष्टता छ । यिनीहरू एक अर्काको परिपुरक हुन् । मानिसहरू प्राण रहेसम्म कुनै न कुनै तवरले जीउँछन्, कोही पसल राखेर जीउँछन्, कोही सेवा गर्दछन् त कोही चोरी-डकैती गरेर, अरुलाई ठगेर जीउँछन् । आखिर जेजस्तो गरेर जीविकोपार्जन गरे तापनि यसलाई दुई भागमा विभाजित गर्न सकिन्छ, धार्मिक र अधार्मिक । धार्मिक र अधार्मिक मध्ये मानिसले कुनै पनि रोज्न सकिन्छ । वास्तवमा भन्ने हो भने मानिस धार्मिक जीवन बिताउन चाहन्छ तर उस भित्र लुप्त रुपमा रहेको लोभ, मोह, द्वेष, क्रोध, तृष्णा आदिले गर्दा अधार्मिक बनाउन खोज्छ । तसर्थ खराब काम गर्नेलाई चेतना भएको हुँदैन कि उ गलत काम गरिरहेको छ यदि उसलाई चेतना भएको भए उसले कहिल्यै खराब कार्य गर्न सक्दैन ।

जीवनलाई धर्म नभई नहुने एक साधन हो । यसले जीवनलाई साकार पारिदिन्छ । धर्म बिना जीवन अन्धकार हुन्छ । धर्मले जीवनलाई समुद्रमा नाउको काम गर्छ जसले लक्ष्यसम्म पुऱ्याइ दिन्छ । यसले जीवन सुखमय, शान्तमय बनाउँछ, दु:खबाट मुक्ति दिलाउँछ ।

**धर्म:**

यहाँ धर्म भन्नाले परम्परागत चलिआएको आधारित विश्वासलाई धर्म भनिएको होइन । यहाँ अज्ञानताबस, विवशतावस परम्परागत रीतलाई स्विकारेर बसेका धेरै पाइन्छन् । त्यसकारण धर्म केलाई भनिन्छ भन्ने कुरा सर्वप्रथम जान्नु आवश्यक छ । हामीले कुनै पनि कार्य गर्दा सके अरुलाई र आफूलाई लाभ हुने कार्य गर्ने, नसके आफूलाई लाभ हुने तर अरुलाई हानी नहुने कार्य गर्ने । सकेसम्म हामीले बहुजन हित गर्ने पट्टी ध्यान दिनु पर्छ । यसरी धर्मका शृङ्खलाहरू धेरै थरिका हुन्छन्, शुद्ध मनले सबैप्रति मैत्री करुणा राख्नु पनि धर्म हो ।

मानिसले धर्म गर्न सक्नु र नसक्नुको मुख्य कारण मन हो । मन नै प्रधान छ जसले धर्म गर्नमा रुकावट पैदा गर्छ । तसर्थ मानिसले आ-आफ्नो मनलाई पापकर्म गर्न नदिन वा पाप (खराब) चिताउन नदिन मनलाई नियन्त्रणमा राख्न सक्नु पर्दछ, जबसम्म मनलाई नियन्त्रणमा राख्न सकिदैन, तवसम्म पूर्ण तवरले धर्म क्षेत्रमा पाइला टेक्न सकिदैन । यस्तो प्रधान भैरहेको मनलाई काबुमा राख्न धेरै कठीन छ - यो साधारण समस्या होइन । नदिको पानी निरन्तर बगिरहे झैं हाम्रो मन पनि कहिल्यै एकै ठाउँमा स्थिर भएर बस्दैन । एक सेकेण्डमा पनि यो मन सय चोटी यताउती गर्न सक्छ । यसरी चञ्चल भएर या त पाप कर्म गरिरहेको हुन्छ या त धर्म गरिरहेको हुन्छ । खराब चिन्तन, खराब विचार-धारा आएमा पाप कर्म हुन्छ । तसर्थ मनलाई पाप कर्म गर्न नदिन असल विचार वा असल चिन्तन तर्फ लैजानु पर्दछ ।

मनलाई काबुमा राख्ने कुरा गाहारो छ भन्ने कुरा माथि नै उल्लेख भएको छ । अब यस्तो मनलाई कसरी नियन्त्रणमा राख्ने ? मनलाई नियन्त्रणमा राख्न वा बसमा ल्याउन सबैभन्दा सरल उपाय ध्यान भावना गर्नु हो । ध्यान भावना गर्नु भनेको सम्पूर्ण इन्द्रियलाई वसमा राखी मनले के गरिरहेछ भन्ने होश राख्नु हो । वा मनलाई एकै ठाउँमा केन्द्रित राख्नु हो । यदि मन बाहिर मात्र जान्छ भने त्यो थाहा गरेर फेरी एकै ठाउँमा केन्द्रित राख्ने प्रयास गर्नु पर्दछ । यसरी धेरै अभ्यास भएपछि हामीले व्यवहारमा समेत मनले राम्रो वा नराम्रो काम गरिरहेछ भन्ने चेतना हुन्छ र पाप कर्म हुनबाट बच्न सकिन्छ । यसो गर्नाले हाम्रो मन शुद्ध हुन्छ, पाप कर्म नाश हुँदै जान्छ पुण्य कर्म बलियो हुँदै आउँछ ।

कोही भन्छन् गृहस्थी जीवन लिएर धर्म गर्न सकिदैन वा त्यागी भएर मात्र धर्म गर्न सकिन्छ र बाल्यावस्थादेखि धर्म गर्नु हुँदैन वृद्धावस्थामा मात्र धर्ममा लाग्नु पर्दछ । यी दुइटै गलत धारणाहरू हुन् । गृहस्थी

भएर पनि असल कार्यहरू गरेर पुण्य हासिल गर्न सकिन्छ। उ समाजसित हेलमेल हुने भएकोले व्यवहारमा आफूले जानेको ज्ञानले अरुलाई प्रभावित पारेर उ आफू मात्रै होइन अरूलाई समेत राम्रो मार्गमा लग्न सक्षम हुनेछ। हामी जुनसुकै उमेरमा र जुनसुकै अवस्थामा पनि असल कार्य गर्न पछि हट्नु हुँदैन-चाहे बाल्यावस्था होस्, चाहे युवावस्था होस्, चाहे वृद्धावस्था होस्।

धर्म जीवनको एक अभिन्न अङ्ग हो। धर्मलाई हामीले जीवनको हरेक र सम्पूर्ण कार्य कलापमा लागू गर्न सक्नु पर्छ। विहार, मन्दिर वा पूजा गर्दा मात्र धर्म र अरू बेला जे गरे पनि हुन्छ भने सोचाई राख्नु हुँदैन। जीवनको प्रत्येक पक्षमा धर्म अनुशरण गर्न सकिन्छ र गर्नु पर्छ।

जीवनमा सबैले सुख र शान्तिको आकाँक्षा राखेको हुन्छ। धर्म बिना वास्तविक सुखको (भित्री हृदय देखिको सुख) कल्पना पनि गर्न सकिदैन। तसर्थ, धर्म बिना जीवनको उद्देश्य प्राप्त गर्न सकिदैन भने जीवनमा नउतारिएको कोरा आदर्श र नारा मात्रको धर्मको पनि वास्तविक अर्थ रहँदैन।

धर्म र जीवन सँगसँगै गई रहेको हुनु पर्दछ।

(बर्ष ५ अंक ७)

★

# जाँड रक्सी र मासुको त्याग : मितव्ययी ल्होछारको घोषणा

✍ **राजेन्द्र मानन्धर**

दोलखा, फागुन १४। धर्म, संस्कृति र परम्परालाई निरन्तरता दिने नाममा आफ्नो हैसियतभन्दा माथि उठेर खर्च गरी रमझम गर्ने परम्परालाई तिलाञ्जली दिँदै दोलखाका बौद्ध धर्मावलम्बीहरूले अत्यन्तै सरल ढङ्गले यस वर्षको ल्होछार पर्व मनाए।

परम्परा अनुसार जाँड रक्सी, मासुको भव्य भोजको आयोजना गरी मनाउने ल्होछार पर्वलाई यसपटक दोलखाको बुलुङ गाउँका बौद्ध धर्मावलम्बीहरूले शुद्ध नुनचियाको चुस्की लिँदै धर्म संस्कृतिलाई निरन्तरता मात्र दिएका थिए।

तामाङ घेदुङ संघद्वारा पाइनगाउँको सामुदायिक भवनमा आयोजित ल्होछार पर्वमा विगतका वर्षझैं साँस्कृतिक बाजागाजा, प्रवचन आदि सबै कार्यक्रम भएकामा हजारौंहजार रूपैयाँको भोजभतेर लगाउने परम्परा भने सदाका लागि अन्त्य गर्ने घोषणा पनि लामाहरूले त्यही कार्यक्रममा गरिदिए।

लामामध्येका ग्याल्बो ख्युङ्वाको भनाइमा मदिरा सेवनका कारणबाट हुने झैझगडा यसपटक भएन र ऋण गरेर फजुल खर्च गर्ने परम्पराको पनि समूल अन्त्य गरिएको छ। पोहोरसम्म तीसौं हजारको भोज गरिने परम्परालाई त्यागेर यसपटक केवल पाँच हजार रूपैयाँमा पनि संस्कृतिले निरन्तरता पाई रमझम पनि त्यत्तिकै भयो।

तामाङ घेदुङ संघ बुलुङ गाउँ समितिका प्रमुख धनबहादुर तामाङद्वारा प्रकाशित विज्ञप्तिमा भनिएको छ- परम्पराका नाममा काल्पनिक चलनचल्तीलाई निरन्तरता दिनुको साटो भगवान् गौतम बुद्धको शान्ति र अहिंसालाई अनुसरण गर्दै समय सुहाउँदो र जीवनपयोगी संस्कारलाई आफ्नो संस्कृति ठान्नु बुद्धिमानी हो।

परम्परादेखि चलिआएको जातीय रीतिरिवाज अनुसार नभई नहुने न्वारन, पास्नी, काजक्रियामा समेत जाँड रक्सी, मासु र अण्डा चाहिने परम्परालाई त्याग्ने प्रतिबद्धता पनि विज्ञप्तिमा जाहेर गरिएको छ। बुलुङ गाउँबाट सुरू भएको मितव्ययीताको अभियानलाई अनुकरण गर्नुपर्ने विचार नेपाल तामाङ घेदुङ संघ जिल्ला अध्यक्ष थीरबहादुर तामाङको छ। मान्छेको आर्थिक अवस्था अत्यन्तै जीर्ण बन्दै गइरहेका बेला पर्वको नाममा ऋण गरेर खर्च गर्ने परिपाटी राम्रो होइन।

मोक्तानले अन्धविश्वासले गर्दा पनि यस्ता परम्पराहरूमा खर्च बढेको बताउनुभयो। खास गरी तामाङको मृत्यु हुँदा मरेको लासमा मासु र अण्डा चढाउने परिपाटी रहेकोमा अब उप्रान्त बुलुङका तामाङहरूले मासु अण्डा नचढाई मृत्यु काजक्रिया गर्ने सहमति भएको पनि उक्त विज्ञप्तिमा लेखिएको छ।

तामाङ जातिमा मात्र होइन, नेपालका अन्य जातिगत समुदायमा पनि साँस्कृतिक पर्व मान्ने नाममा फजुल खर्च गर्ने परम्परा कायमै छ

*(साभार: स्पेश टाइम)*



Downloaded from http://www.dhamma.digital

# ज्ञानमाला भजन खलः स्वयम्भू एक चिनारी–२

✍ अमृतमान शाक्य 'इतुंवहा' यैं

यसरी ज्ञानमाला भजन खल: अब नेपालका केही बौद्धहरू केही नेवारहरूमा मात्र सिमित रहेन, यसले देशको सिमाना नाघेर अन्तर्राष्ट्रिय रूप लिईसकेको छ। बुद्ध धर्मको प्रचार, प्रसार र बौद्ध एक सुत्रीकरणको दिशामा ज्ञानमाला भजनले प्राप्त गरेको यस्तो उपलब्धि कम गौरवको कुरो होइन, ज्ञानमाला भजनको मुख्य उद्देश्यहरूमा प्रचार, प्रसार बौद्ध संगठनहरूको संवर्धन, बौद्ध संस्कृतिको संरक्षण जनसेवा हुन्। यस सिलसिलामा के सम्झनु योग्य हुन्छ भने स्वयम्भू ज्ञानमाला भजनको तत्वावधानमा २०५० साल माघमा काठमाडौंमा आयोजित देश भित्रका र बाहिर कालिम्पोङको एउटा समेत गरी जम्मा ६८ वटा ज्ञानमाला भजन खल:का एकाइहरूको सहभागिता रहेको प्रथम राष्ट्रिय ज्ञानमाला सम्मेलन गरियो।

देश भित्र र बाहिरको नेपाली बौद्धहरूलाई एकताबद्ध गर्नमा र बुद्ध धर्मप्रति क्रियाशिल राख्नमा अभूतपूर्व भूमिका खेलेको थियो। यस्तै गरी क्रमबद्ध रुपमा प्रत्येक तीन तीन वर्षमा गर्दै जाने क्रममा २०५३ साल पुष महिनामा तानसेनमा आयोजित ज्ञानमाला भजनको द्वितीय राष्ट्रिय सम्मेलन गरियो र गतसाल २०५६ साल माघ महिनामा भक्तपुरमा तृतीय राष्ट्रिय ज्ञानमाला सम्मेलन सम्पन्न भयो।

यस दिशातिर अरू बढी ठोस योगदान पुगेको छ, स्वयम्भू ज्ञानमाला भजन खल:बाट हालसम्म प्रकाशित गरिएको ज्ञानमाला पुस्तक १७ औं संस्करणसम्म प्रकाशित भैसकेको छ, पुस्तकको संख्याको आधारमा हालसम्म अन्दाजी ५०००० भन्दा नाघिसकेको छ। धार्मिक पुस्तक प्रकाशन सबैभन्दा बढी प्रकाशन हुने नेपालभाषाको ज्ञानमाला पुस्तक नै हो। यस पुस्तकले निकै ख्याति कमाई सकेको छ, यस ज्ञानमाला पुस्तक नेपाली भाषामा पनि अरु ज्ञानमाला भजन खल:हरूले प्रकाशित गर्दै आइरहेको छ त्यस्तै बौद्ध विद्वान भुवन लाल प्रधानज्यूबाट अंग्रेजीमा पनि ज्ञानमाला पुस्तक प्रकाशित गर्न लागेको छ।

मित्रराष्ट्र जापानको टोकियो, नागोया र अन्य शहरमा गई ज्ञानमाला भजन गाइएको थियो र त्यहांका बौद्ध उपासकहरूले पनि दिनहुं ज्ञानमाला भजन गर्दै आइरहेको भन्ने सुनिन्थ्यो। ज्ञानमाला भजन खल:ले आफ्नो हिरक जयन्ति समेत मनाई सकेको छ यस भजन खल:बारे स्मरणीय तथ्य एउटा के हो भने यो संस्था आधुनिक नेपालमा अहिलेसम्म विद्यमान रहेका बौद्ध संस्थाहरूमध्ये सबभन्दा पुरानो र देशव्यापी संगठन हुनु यसको एउटा गौरवमय विशेषता भएको छ।

अर्को विशेषता हो जनसमुहलाई ज्यादै मन पर्ने खालको भजन ज्ञानमाला बुद्धको उपदेश सजिलैसंग जनतासमक्ष पुऱ्याउने अद्वितीय साधन हुन्। यसै सिलसिलामा ज्ञानमाला भजनले २००३-४ साल ताका जनतामा राजनैतिकता जगाउनेतिर गरेको योगदान पनि बिर्सिन सकिन्न। जेहोस् एकै वाक्यमा भन्ने हो भने बुद्ध धर्मको प्रचार प्रसार र बौद्ध एक सुत्रीकरणमा ज्ञानमालाको आफ्नै योगदान छ, आफ्नै भूमिका छ र आफ्नै अस्मिता छ। बुद्धधर्म अनुसार धर्म दर्शन, सिद्धान्त र आदर्श आदिको क्रियात्मक अर्थ कुनै हुन्दैन जबकि यिनीहरू मानव सेवादेखि विरक्त हुन्छन्। यहि बौद्ध उपदेशलाई दृष्टिगत गरी यस भजन खल:ले अरु गतिविधिहरूको साथै जनसेवालाई पनि अगाडी बढाउदैछ। यस खल:ले स्वयम्भूमा आउने भक्तजनहरूमा यथाशक्य सेवा सुविधा पुऱ्याउन स्वयम्भूस्थल सफासुग्घर राख्ने प्रयास र प्राथमिक उपचार सेवा गर्दै आएको छ। निकत भविष्यमा ज्ञानमाला प्राथमिक उपचार, स्वास्थ्य परिक्षण शिविर खोलेर स्वास्थ्य परिक्षण सेवा चालु गर्ने कार्यक्रम पनि राख्ने छन्। यस अतिरिक्त भजन खल:ले हरेक वर्षको भाद्र महिनाको गुंला मेलामा यसका सदस्यहरू तथा अन्य भक्तजनहरूले रक्तदान गर्दै

आइरहेको छन् । यस सन्दर्भमा यस खलःले आफ्नै तत्वावधानमा चन्दा संकलन गरी २०५० साल श्रावणमा तत्कालीन वाढीपिडित व्यक्तिहरूको सहायतार्थ रु. १०,००१।०० तत्कालीन प्रधानमन्त्री समक्ष हस्तान्तरीत गरेको तथ्य पनि स्मरणीय छ । त्यस्तै सम्झनु पर्ने अर्को एउटा जनसेवा ज्ञानमाला भजन खलः स्वयम्भूका एकजना संस्थापक रत्न बहादुर तण्डुकारद्वारा संस्थापित पुरस्कार रत्नवतः सिरपाबाट सं. २०५१ सालदेखि वर्षेनि बुद्धधर्मको सेवामा उल्लेखनीय योगदान गर्ने एकजना भिक्षु वा अनगारीका, एउटा ज्ञानमाला भजन खलः र एकजना कर्मठ व्यक्ति पुरस्कृत भई आइरहेको तथ्य पनि उल्लेखनीय हुन्छ, जसबाट बुद्ध धर्म संस्कृतिको प्रचार संरक्षणतिर लगनशिल हुन प्रोत्साहन मिल्दछ ।

ज्ञानमाला भजन खलःस्वयम्भूका दिवंगत पूर्व अध्यक्ष रत्न बहादुर तण्डुकार र उनको परिवारबाट नगद रु. १,५०,०००।०० जम्मा गरीएको अक्षयकोषबाट प्राप्त व्याज रकमबाट पौभा (प्रमाणपत्र) र रकम पुरस्कार गत ६ वर्षदेखि नै प्रदान गर्दै आईरहेको हो । घोषित उक्त पुरस्कार संस्थाले आगामी पुष २९ गते स्वयम्भू महाचैत्य स्थलमा पुरस्कार वितरण गरिने भएको छ। उक्त पुरस्कार २०५१ सालमा भिक्षु अश्वघोष महास्थविरलाई प्रथम पुरस्कार, स्वयम्भू ज्ञानमाला भजन खलःलाई दोश्रो पुरस्कार र धर्मरत्न शाक्य 'त्रिशुली" लाई तेश्रो पुरस्कार दिइयो ।

त्यसपछि क्रमश २०५२ सालमा अनगारीका धम्मवती गुरुमा, तारेमाम ज्ञानमाला संघ नागबाहाः पाटन र केशरमान तुलाधरलाई त्यस्तै २०५३ साल भिक्षु सुदर्शन महास्थविर किर्तिपुर, ज्ञानमाला भजन खलः महाचैत्य विहार पाल्पा र आनन्द शाक्य जनबाहाः काठमाडौंलाई त्यस्तै २०५४ सालमा भिक्षु सुबोधानन्द महास्थविर, ज्ञानमाला न्ह्याइपु खलः पांगा र हिराकाजी शाक्य नागबाहाः पाटनलाई त्यस्तै २०५५ सालमा भिक्षु बुद्ध घोष महास्थविर, ज्ञानमाला संघ सुनसरी धरान र हर्षमुनि शाक्य लगन काठमाडौंलाई त्यस्तै गत वर्ष २०५६ सालमा भिक्षु अनिरुद्ध महास्थविर आनन्दकुटी विहार स्वयम्भू, दिपंकर ज्ञानमाला भजन खलः भक्तपुर र कृष्ण बहादुर उपासक पांगालाई प्रदान गरिएको थियो । यस वर्ष त्रिपिटकाचार्य कुमार काश्यप महास्थविर आनन्दकुटी विहार स्वयम्भूलाई प्रदान गरिने भएको छ ।

त्यस्तै दोश्रो पुरस्कार ज्ञानमाला भजन खलः (संघ) मध्येमा दिइनेमा श्रीघः ज्ञानमाला भजन खलः लाई र तेश्रो पुरस्कार ज्ञानमाला भजन र बौद्ध धर्मको व्यापक प्रचार प्रसार गर्ने व्यक्तित्व किरण शाक्य पाटनलाई प्रदान गरिने भएको छ ।

एवं रितले ज्ञानमाला भजन खलः स्वयम्भूद्वारा जनसेवा दिन्दै जानेछ । ■

*• स्रोतः बुद्ध धर्म प्रचार, प्रसार र बौद्ध एक सूत्रीकरणमा ज्ञानमाला भजनको भूमिकाबाट लिएको केही अंशहरू ।*

# दान-धर्म

✍ **सरोज उदास**, पोखरा- ३

दान बिना छैन धर्म
धन बिना दान ।
प्राप्ती सम्भव छैन यहां
शोषण बिना धन ॥
जसको दान मोटो रकम
उसको ठूलो कमान ।
दोसल्ला र चौसल्लाले
ओढाई हुन्छ सम्मान ॥
शोषणबाट आर्जित धनले
खरिड भयो धर्म ।
धर्म खरिड बिक्री हुनु
होईन राम्रो कर्म ॥
धर्म बनाई कर्मकाण्ड
हुन्न यसले उद्धार ।
कर्म सुधार बिना हुन्न
मानव जीवन सुधार ॥
सुनी देखी जानी हुन्न
बुझ्नु पर्छ सार ।
अभ्यास बाटै गर्नु पर्छ
भव सागर पार ॥



Downloaded from http://www.dhamma.digital

# छुई प्रथाका कारण महिलाहरू पीडित

✍ खगेन्द्र पन्त

महेन्द्रनगर-सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा प्रचलित छुई प्रथाबाट स्थानीय महिलाहरू मात्र होइनन् देशका अन्य जिल्लाबाट ती जिल्लामा जाने महिलाहरू पनि शिकार हुने गरेका छन् ।

मोरङ जिल्ला बेलबारी गाविस ४ की अम्बिका गुरागाई जागिरको सिलसिलामा डडेल्धुरा पुगेपछि छुई प्रथाको शिकार भइन् ।

आलिताल गाविस ८ मा रहेको शंकरकेदार प्राविं झरकाँडामा अध्यापन गरिरहेकी अम्बिका आफू महिनावारी हुँदा घरबेटीले घरभित्र बस्न नदिएपछि घर भन्दा लगभग एक किलो मिटर टाढा रहेको छुईकुडीमा पाँच दिनसम्म बस्नुपरेको तितो यथार्थ सुनाउँछिन् । छुई महिनावारी भएको बेला घरभित्र बसेमा देउता रिसाउने गर्छन् भन्दै घरबेटीले घरमा बस्न नदिएको उनी बताउँछिन्-"यो सब रूढीबादी परम्परा हो तर पनि बाध्य भएर छुइकुडीमा बसेँ किनकि मेरा कुरा कसैले सुनेन ।"

अम्बिका जस्ता बाहिरिया महिलाहरूले केही पटक यस्तो उत्पीडन सहनु परेपनि त्यहाँका स्थानीय महिलाहरूले भने आजसम्म पीडित हुनुपर्ने हुन्छ । मैले जेठो छोरा पाउँदा गाइगोठमै पाएकी हुँ । भुईमा ओछ्यान पराल मात्रै दिइन्थ्यो अनि खान जाउली र पकाएको नुन मात्रै । यसरी एक महिनासम्म गाईगोरूहरूसँग बसेर बाहिर निस्किँदा मर्ने जस्तै भएर निस्केकी थिएँ । डडेल्धुरा जिल्ला जोगबुढा गाविस ४ साननीकी ३५ वर्षिया रूपादेवी धामीका यी शब्दहरूले उनले जीवनमा व्यहोरेका पीडाका झलकहरू दिन्छ । उनले दोस्रो छोरा र एक छोरीलाई पनि गाईगोठमै जन्म दिएकी हुन् । सुदूर पश्चिमका डडेल्धुरा लगायत बैतडी, बझाङ जस्ता जिल्लाहरूका महिलाहरूले अहिले पनि भोगिरहेकै पीडाको कथा हो यो परम्परागत छुई प्रथा अनुसार त्यहाँका महिलाहरूले सुत्केरी र मासिक श्राव हुँदा अनेकौं दु:ख झेल्नु पर्छ । महिलाहरूले सुत्केरी र महिनावारी हुँदा घरभित्र बस्न पाउँदैनन् । उनीहरूले गोठमा बस्नुपर्ने हुन्छ भने अधिकांश महिलाहरूले घर भन्दा टाढा रहेको छुईकुडीमा बस्नुपर्ने बाध्यता हुन्छ । छुईकुडीमा बस्न गएकी महिलाले मूलघरको भित्ता समेत छुन नपाइने चलन अहिले पनि विद्यमान छ ।

सुत्केरी हुँदा आमालाई पोषिलो खुराक दिइनुपर्ने वैज्ञानिक तथ्यभन्दा फरक ती जिल्लाहरूमा प्रसव र महिनावारी भएको बेला राम्रो खान नदिने चलन छ । मैले यसलाई पाउँदा कति दिनहरू त सुख्खा कोदोका रोटी खाएर बिताएँ । पादेवी आफ्नो १४ वर्षीय जेठो छोरो देखाउँदै आफूले भोगेको पीडा बताउँछिन् । महिलाहरूलाई सुत्केरी हुँदा भुईमा मात्रै बस्न दिइने गरिन्छ । जसले गर्दा आमा र बच्चा दुवैलाई शीत लाग्ने डर हुन्छ । सुत्केरी अवस्थामा महिलालाई कुखुरा, खसीको मासु, ताजा दूधबाट काँडा आउँछ भन्दै माछामासु सागपात र पौष्टिक आहारबाट समेत बन्चित गराइन्छ । आलिताल गाविस गोदाम बस्ने रूक्मणीदेवी भट्ट बताउँछिन् । शिक्षा र चेतनाबाट वञ्चित भएकै कारण छुई प्रथाले प्रशय पाइरहेको देखिन्छ । रूपादेवी आफ्नो वडाबाट निर्वाचित सदस्य हुन् तर उनी यो प्रथा ठीक हो कि गलत ठम्याउन सक्दिनन् । छुई प्रथाका दुस्परिणामहरूले भने विस्तारै जनचेतना बढिरहेको आभाष हुन्छ । रूक्मणी आफूले जतिसुकै दु:ख झेले पनि बुहारीलाई त्यस किसिमको दु:खबाट वञ्चित गराउने बताउँछिन् । महिलाहरूले एकजुट भएर यसको विरोध नगरेसम्म यस्तो पीडा भोगिरहन नै पर्छ उनी भन्छिन् ।

महिलाहरूले सुत्केरी र महिनावारी हुँदा बस्न बनाएका छुईकुडीहरू घरभन्दा धेरै टाढा रहेका हुँदा महिलाहरू बलात्कार हुनुका साथै छाप्रो चुहिने, सर्पले डस्न आदिको समेत हुने गर्छ । स्थानीय बासिन्दाहरू केही त्यस्ता घटनाहरू सुनाउँछन् तर त्यसो हुनुका पछाडि महिलाले नछुने भएको बेला अपराध गएको कारण समेत देखाउन पछि पर्दैनन् । *(साभार: कान्तिपुर दैनिक)*

# धार्मिक नास्तिकताको विरोधमा बुद्ध र बुद्धवाद

✍ शान्ति सुरभ

छैठौं शताव्दी ई.पू. विश्वभरिनै भनुं (चीन, भारत, ईरान, ग्रीसमा) नयाँनयाँ विचारकहरूले अनेक क्रान्तिकारी विचारधाराहरू प्रस्फुतित गरेका थिए। त्यस बेलासम्म नै तत्कालिन कहलिएका देशहरूमा धार्मिक नास्तिकता र पाखण्डले उग्ररूप लिएको थियो। कैयौं यौन विभत्सता र शक्तिशाली मानिसहरूको स्वार्थ पूर्तिको निमित्त धार्मिक र आध्यात्मिक रंगले रंगाएर धार्मिक व्यवस्था खडा गर्दथे। अठारौं शताव्दीको अन्त्यतिरका कवी विलियम ब्लेकले एक ठाउँमा आफ्नो विचार व्यक्त गर्दछन्। "धर्म साँच्चै नै यौन विकृतिको रूप थियो। कानुनी ढुंगाहरूले कारागारहरूको निर्माण भए झैं धर्मका पत्थरहरूले वेश्यालयहरू बनेका थिए।" धार्मिक व्यवस्थाले प्राचीन यूरोपमा कस्तो सामाजिक व्यवस्था लिएको थियो भन्नेतिर यसले राम्रै संकेत दिन्छ। प्राचीन वैविलोनको संस्कृतिको विषयमा परिपूर्णानन्द वर्म्मा लेख्छन् - "वैविलोनको कामदेवी मिलितालाई प्रशन्न राख्नको निमित्त सरकारी कानुनको अनुसार त्यहाँ वर्षको कमसेकम एकपल्ट त्यहाँका स्वास्नीमानिसहरूले पर-पुरुष-सेवन गर्नु पर्दछ। जुन परिवारलाई ऋण लाग्दछ उसकी पत्नीलाई मन्दिरमा पठाईन्छ।" (पतनकी परिभाषा)

प्राचीन जम्बुद्वीपमा पनि यस्तै धार्मिक नास्तिकता र नैतिक पतीतताले ग्रस्त गरेको संकेत मिल्दछ। ईश्वरीय कल्पना र ईश्वरवादी दर्शनले त पशुबली मात्र होईन नरमेध यज्ञ समेत हुन्थ्यो भन्ने बुद्धभन्दा अगाडिका धार्मिक ग्रन्थहरूले स्पष्टरूपले उल्लेख गरेबाट बलियाले निर्धालाई मार्न "नरबली" चलाउने धार्मिक रीति ल्याएको स्पष्ट देखिन्छ। ईश्वरको नाउँ लिनासाथ कुकर्मबाट पनि दुष्परिणाम हुँदैन भन्ने धार्मिक पुट दिएबाट त्यसलाई धार्मिक नास्तिकताको नामले सम्बोधन गर्न सकिन्छ। त्यस्तै नास्तिकताको उदाहरणको रूपमा आत्मा अमर छ, त्यसैले मार्नु हुन्छ भन्ने आध्यात्मिक विचारलाई लिन सकिन्छ। कतै परस्त्री गमनलाई लीला भनि धार्मिक श्रद्धा राख्दछ त कतै दाजुभाइहरूलाई मार्न लगाइन "आखिर एकदिन मर्ने नै हुन् अहिले नै मारेर पाप हुँदैन" भन्ने जस्ता नास्तिक विचार धारालाई सर्वश्रेष्ठ आध्यात्मिक दर्शन मान्ने देखिनुबाट धार्मिक नास्तिकता कतिको अहंकारपूर्ण छ भन्ने सहजै बोध हुन्छ। कतै मान्छे मार्नलाई "निमित्त मात्र भवसव्य साचिन्" (गीता ॥११।३३) भनेर निमित्त मात्र भएर मार्नु गराउने ईश्वर हुन् भन्ने जस्तो अकर्मवादी, कर्मफलबाट पंछिने विचारधारालाई नै नास्तिक विचार धारा भन्न सकिन्छ। अत बौद्ध दर्शनलाई नास्तिक र भौतिकवादी दर्शन भन्नु निरर्थक छ।

यस्तै नास्तिक ईश्वरवादी र आध्यात्मिक दर्शनहरूको विरोधाभासमा कर्म विपाकवादी बुद्धको प्रादुर्भाव छैठौं शताब्दी ई.पू.मा एशियाको मुटु यस भूखण्डमा भयो।

सुकर्मको परिणाम सुफलदायी हुने, दुष्कर्मफलबाट दु:ख हुने कर्मफलवादी बुद्ध अभौतिकवादी हुन्। उनले सदाचार, संयम र समाधिबाट मात्र निर्वाण प्राप्ति हुने उद्घोष गरेबाट उनी उत्कृष्ट अभौतिक दर्शनका स्रष्टा मान्न सकिन्छ। उनी जन्मजन्मान्तरवादी भएबाट बुद्ध एक आध्यात्मिक र आस्तिक थिए भन्ने स्पष्ट हुन्छ। वास्तवमा ईश्वरको नाउँ लिएर कुकर्म गर्नु चाहिं आफ्नो हाकिमको गुणगान मात्र गरी घूसपीसमा सधैं संलग्न हुने कर्मचारी झैं हुने सहजै बोध हुन्छ। अत: परस्त्री गमन, पर-पुरुष गमन, हत्या, बलात्कार आदिलाई बुद्धले पाप घोषित गरेका छन्। त्यसलाई आध्यात्मिक रंग लगाएर अबौद्ध दर्शनले झैं नास्तिक विचार व्यक्त गरेनन्। बुद्ध सात्विक र धार्मिक हिंसाबाट अलग रहेका छन्। अरू आध्यात्मिक पाखण्डले रक्सी, जाँड खानेलाई मतवाली जात मानी गाँजा, भाँग र चरेस जस्ता अति मादक पदार्थ सेवन गर्नेहरूलाई मतवाली नमान्ने जस्तो पक्षपातपूर्ण विचार पोख्तैनन्। बुद्धको धर्म सात्विक छ किन्तु गाँजा भाङ्ग सेवन गर्ने धार्मिक रीति मान्नेलाई मतवाली जाति वा मतवाली धर्मावलम्बी भन्न सहजै सकिन्छ।

अत: बुद्धको विचारधारा आर्य (पवित्र) विचार धारा हुन्। उनको प्रतीत्य समुत्पाद सिद्धान्त (हेतुफलवाद) दर्शन र सदाचारवाद र मादकपदार्थलाई त्याग्ने शीलले बुद्धको जीवन दर्शन नास्तिक विरोधी र अभौतिकवादी छ भन्ने सहजै बोध हुन्छ।

*(आनन्दभूमि वर्ष ५ अंक ७,८ बाट)*



Downloaded from http://www.dhamma.digital

# तिब्बतको बौद्ध कहानी – कसैको मन नपरेको बूढा

✍ पि. एम. वज्राचार्य

अघि अघि तिब्बतको राजधानी ल्हासामा एउटा कपडा बुन्ने बूढो थियो । उसका धेरै छोराहरू थिए । त्यसले रातदिन तानमा बसेर कपडा मात्र बुनेर धेरै धन कमायो । धनी भैसके पछि बूढाले छोराहरूलाई विवाह गरिदिने विचार गऱ्यो । धनीको छोराहरू भएकोले बुहारीहरू पनि राम्रा राम्रा कुलिन घरका नै फेला परे । धुमधामसंग विवाह भयो । केही वर्ष पछि बूढाले नाति नातिनीहरूको मुख देख्न पाए ।

८९ वर्ष हुँदाखेरी बूढाकी स्वास्नी मरीन् । आफू बूढा भैसकेकोले भात पकाए । खान नसक्दा बुहारीहरूले पालैसंग भात पकाएर ख्वाउने गरे । झन झन बूढा हुँदै गयो । कमाउन नसक्ने भयो । खर्च मात्रै गर्ने भयो । छोरा बुहारीहरूलाई त्यो बूढा काम नलाग्ने भयो । अनावश्यक बोझ जस्तै ठानियो । सबैले उसलाई हेला गर्दै ल्याए । वास्ता गर्न छोडे । आफू चल्न नसक्ने अवस्थामा बूढाको धनले केही काम दिएन । बूढाको बोझ थाम्न गाह्रो भयो । त्यसैले छोराबुहारीहरूले सल्ला गरेर बूढालाई बाहिर राख्ने निर्णय गरे । घरसंगैको बगैंचामा एउटा छाप्रो बनाएर बूढालाई त्यहिं राख्न लगे । बुहारीहरूले बूढालाई पालैसित भात लगिदिने गरे । बूढाको छोराहरूको सेवा सत्कार पाउने आशा हावामा मिल्न गयो । एकान्तमा बस्न बस्नुपऱ्यो । आफ्नो दुर्गति देखेर दुःखको शास फेर्नु बाहेक बूढाले केही गर्न सकेन ।

केही समयपछि एकजना भिक्षु उतातिर गइरहेको थियो । बूढाका छोराबुहारीहरूले भिक्षुलाई मान सत्कार गरेर भिक्षा दिए । अबेर पनि भैसकेको हुँदा तिनीहरूले भिक्षुलाई वहीं बास बस्ने प्रार्थना गरे । भिक्षुले घरमा सुत्न हुँदैन भनेकाले तिनीहरूले भिक्षुलाई वहीं बगैंचामा सुत्ने बन्दोवस्त गरिदिए । बेलुका बगैंचामा बत्ती बलिरहेको देखेर बूढा आफ्नो कुटीबाट निस्क्यो । त्यो आएको को रहेछ ? थाहा पाउन बूढा भिक्षु भएको ठाउँमा पुग्यो । भिक्षुले बूढालाई आफ्नो परिचय दियो अनि सोध्यो, "तपाई को हुनुहुन्छ ?"

बूढाले जवाफ दियो, "म यो घरका सबै केटा केटीहरूका बाबु हुँ । मैले तिनीहरूलाई पालें, हुर्काएँ, विवाह गरिदिएँ । अघि म सबै सम्पत्तिको मालिक थिएँ । तर आजकल बुहारीहरूले म बूढो भएकोले मलाई घृणा गरी, अनावश्यक बोझ सम्झी यो कुटीमा मिल्काउन ल्याए ।" यस्तो भनेर बूढोले दुई थोपा आँसु झाऱ्यो ।

भिक्षुको मनमा बूढोप्रति करूणा उठ्यो । उसले भन्यो, "तिमीले यति सानो कुरामा पनि यति दुःख मान्छौ भने योभन्दा सानो जातमा जन्मेको भए कति दुःख मान्थ्यौं होला ! तिमीले आफ्नो जीवनमा साँसारीक र भौतिक सुखको मात्र अनुभव गऱ्यौ । योभन्दा बहुमूल्य मानसिक सुखको तिमीले अनुभव गरेका छैनौं । जन्म मरणको चक्रमा परेर योभन्दा धेरै धेरै दुःख भोग्नु छ । तिम्रो यो दुःख र चिन्ता तिम्रो आफ्नै कामले उत्पन्न भएको हो ।"

बूढोले दुःख मानेर भन्यो, "हो भन्ते ! तपाईले भन्नुभएको सत्य कुरा हो । शरीरमा बल भएको बेलामा, मन शुद्ध गर्न सक्ने बेलामा मैले त्यस्तो केही गर्न सकिन । अहिले बूढो भैसकेपछि यसको महत्व बुझियो । के यो बूढो हुनु र मर्न नपर्नु हुनलाई कुनै बाटो छ ?" भिक्षुले जवाफ दियो, "छ, त्यो मलाई थाहा छ ।"

पहिले त बूढो पक्क पऱ्यो । पछि भिक्षुसंग त्यो बाटो सोध्यो । भिक्षुले उपदेश दिँदै बूढोलाई हरएक चीज अनित्य र क्षणिक हुन् । यो थाहा नभएकोले असन्तुष्टि र अशान्ति भइरहेको भनि ध्यान गर्न सिकायो । बूढोले खुब ध्यान दिएर सुन्यो । सुने अनुसार बुझि पनि लियो । भोलिपल्ट भिक्षु आफ्नो बाटो लाग्यो । तर बूढाले भिक्षुले सिकाएर गएको ध्यान गर्न छोडेन । अघि अघि सुतेर, झोक्रेर, झिंगा धपाएर बिताउने समय अब बूढाले ध्यान गर्नुमा प्रयोग गऱ्यो । बुहारीहरूले हेपे पनि, घृणा गरे पनि अब बूढाले दुःख नमान्ने भयो । उल्टा तिनीहरूको अज्ञानता सम्झेर तिनीहरूलाई क्षमा गर्ने भयो । बाह्र वर्षसम्म ध्यान गरेर बूढाले धेरै ज्ञानगुणका कुरा

सिक्यो । आफ्नो धनसम्पतिभन्दा धेरै धन त्यसले मानसिकरूपले प्राप्त गऱ्यो तर बूढाको यो मानसिक धन भरिँदै आएको भात ख्वाउन आउने बुहारीहरूलाई पत्तै छैन ।

एकदिन घरमा ठूलो भोज थियो । भोजको अलमलले गर्दा बूढालाई खाना लगिदिन बिर्सेको थियो । धेरै अवेर भैसकेपछि एकजना बुहारीले ङ्वास्स सम्भिmन् । यो बूढालाई भात ख्वाउनु पनि बाँदरको गाँडा जस्तै भैरहेछ भन्दै झर्को मान्दै भात लिएर बूढाको कुटीतिर गईन् । त्यहाँ पुग्दाखेरी बूढाको कुटी त झलमल्ल भईरहेको देखिन् । यो देखेर तिनी आश्चर्यले चकित भईन् । छिटो छिटो गएर भित्र के भएको रहेछ भनि झ्यालबाट चियायिन् । आफ्नो लोग्नेको बूढा बाबुको चारैतिर जुन जस्ता तेजिला अनुहारका १५ जना मानिस बसिरहेका रहेछन् । यो देखेर बुहारीको शरीरका रौंहरू थाडा थाडा भए । लगेको भात त्यहिं राखेर बुहारी चाहिं दगुर्दै स्याँस्याँ र फ्वाँ फ्वाँ गर्दै घरभित्र पसिन् । सबैजना जम्मा भए । सबैलाई ताजुप लाग्यो । तिनले भनिन् "म ... म ... मैले ... ग ... ग ... जबको दृश्य देखें । हा ... हा ... हाम्रो बाको चारैतिर चमकिला मान्छेहरू जम्मा भैरहेको ... ...।"

कुरा सुनेर सबैले बूढा मऱ्यो भन्ठाने । एक दुईजनाले सन्तोषको श्वास फेरे । तर जे भए पनि बूढालाई के भएको रहेछ बुझ्न सबैजना बगैंचामा गए । झ्यालको प्वालबाट बूढाको कुटीभित्र हेरे । सबैले ती जुन जस्ता तेजिला मानिसहरू देखे । भूत होला भनेर तिनीहरू सबै डराए । बच्चाहरू आमाहरूको पछाडि लुके । स्वास्नीमानिसहरू थुरु थुरु कामे । बूढाका छोराहरूको रौं थाडा थाडा भए । सबै डराएर फर्के । त्यो राती तिनीहरू डरले सुत्नै सकेन । भोलिपल्ट त बूढा अवश्य पनि मरिरहने भयो ।

भोलिपल्ट बिहान सवेरै मरेको बूढाकहाँ जान भनि सबैजना बगैंचामा गए । तर तिनीहरूको आश्चर्य ! बूढा त सदाकोभन्दा तगडा भएर कुटीबाट निस्क्यो । बूढात अघिभन्दा बलियो जस्तो देखियो । उनको चेहरा पनि निक्कै चहकिलो देखियो । छोरा बुहारीहरू सबैले बूढालाई वन्दना गरे ।

यो घटना सबै ठाउँमा फैलियो । यस्तो आश्चर्यको घटना सुनेर धेरै मानिसहरू बूढाको दर्शन गर्न आए । उनको दर्शनले तिनीहरूको कल्याण पनि भयो । पछि त्यो बूढा "गुरु तान्त्रि" को नामले प्रख्यात भयो । त्यसले धर्म पनि निकै प्रचार गरे । त्यो बूढा, जो छोरा बुहारीहरूको लागि बोझ मात्र भैरहेको थियो, मानसिक शान्तिको बाटो देखाउने गुरु भए । सय वर्ष भन्दा बढी बाँचेर एकदिन गुरु तान्त्रिले सदाको लागि आँखा चिम्ले ।

*(आनन्दभूमि वर्ष ७ अंक ५,६ बाट)*


**नयाँ फोन नम्बर :**

**जितवन बौद्ध विहार** ☎ ३११९१२
थानकोट, काठमाडौं



**धर्मकीर्ति पत्रिकाको विशेष सदस्य:–**
क्र.स. ३४३
***निल काजी शाक्य***
बुटवल
रू. १००५/–


## दु:खको कविता

✍ **रामभक्त प्रधान**, बनेपा

दु:खको सागरमा जन्मे अब के गर्ने ?
यो दु:खको कारण के रहेछ जानिन मैले
भनिन्छ आफूले दु:खको बीऊ नरोपेमा
दु:ख भोग्नु पर्दैन छटपटीमा परी
यही कर्म र कर्मफललाई विश्वास गरी
आजदेखि सकेसम्म अरुलाई दु:ख दिन्न म
सकेसम्म अरुलाई हित चिताएर काम गर्नेछु
सुखको बीऊ रोपी दु:ख हटाउने प्रयास गर्नेछु



Downloaded from http://www.dhamma.digital

# क्षान्ति र मैत्री-३

*- भिक्षु अश्वघोषद्वारा लिखित*
*वीर्यवतीबाट अनुदित*

## नरिसाउनु

युधिष्ठिर र उसका भाईहरू गुरुकुलमा अध्ययन गर्न गए। गुरुले पहिलो दिनमा पाठ दिए - "नरिसाउनु"।

सबैले पढे– "नरिसाउनु।" गुरुले पनि लेखाए- "नरिसाउनु।" लेखि सकेपछि गुरुले भने - अब जाउ, तिमीहरूले यो पाठ कण्ठ घोकेर आउनु। भोली मैले पाठ सोध्नेछु।

भोलीपल्ट सबैजना गुरुकहाँ पुगेपछि गुरुले सोधे - "हिजोको पाठ सुनाउ।"

अर्जुन, भीम, नकुल, सहदेव चारैजनाले पाठ सुनाए - "नरिसाउनु।" तर युधिष्ठिरले पाठ सुनाएन।

गुरुले सोधे - "युधिष्ठिर ! तिमीलाई पाठ आउँदैन ?" बालक युधिष्ठिरले भने - गुरुदेव ! पाठ आएको छैन। गुरुले भने - तिमी कस्तो मूर्ख ! सबैभन्दा जेठो भएर पनि झन अयोग्य ग्वज्याङ्ग्रो रहेछौ। जाउ भोली त राम्ररी पाठ घोकेर ल्याउनु नि।

युधिष्ठिरले भने - कोशिस गर्नेछु गुरुदेव। भोलीपल्ट पनि युधिष्ठिरले भने - मलाई पाठ आएको छैन। गुरुले झोकिएर भन्यो - अरे ! तिमी मान्छे हो कि पशु हँ ? जावो तीनवटा शब्दको पाठ पनि आउँदैन ?"

यति भन्दै गालामा एक चड्कन हानिदियो। युधिष्ठिरले आफ्नो दुखेको गालामा सुमसुम्याउँदै भन्यो - "गुरुदेव मैले कोशिस गर्नेछु।"

पर्सिपल्ट युधिष्ठिर आउने वित्तिकै गुरुले सोध्यो "क्या हो ? आज त पाठ आयो ?"

युधिष्ठिरले निहुरिँदै भने - "पाठ आएको छैन गुरुदेव !" गुरुको जोशमा होश गुम्यो र उसले युधिष्ठिरको दुबै गालामा बेस्सरी पिटे। देउटा कामे झैं कामेर उसले भने - तिमीले मेहनत गरेनौ। भोली पनि पाठ दिएनौ भनेत तिम्रो छाला उप्काउने छु। युधिष्ठिरले पहिला जस्तै निहुरिँदै भने - "मैले कोशिस गर्नेछु गुरुदेव !

चौथौं दिनमा गुरुले फेरि सोधे- युधिष्ठिर पाठ कण्ठ आयो कि आएन ?

युधिष्ठिरले हात जोड्दै भने - गुरुदेव ! आज पनि राम्ररी पाठ आएको छैन। अलि अलि मात्र आउँछ। गुरुले उसको गालामा चड्कन हान्न शुरु गरे। तर युधिष्ठिर मुसुमुसु हाँसी उभिरहे। गुरुलाई स्वाँ स्वाँ आइसक्यो। थकाई लागेर रोक्यो गुरु। तर युधिष्ठिर मुसु मुसु नै हाँसिरहे। आश्चर्य मान्दै गुरुले सोधे- अरे ! अझ पनि तिमीलाई हाँस्न मन लागिरहेको छ ?

युधिष्ठिरले भने - तपाईले नै सिकाउनु भएको होइन ? "क्रोध मत कर" अर्थात "नरिसाउनु" भनेर ? अब तपाईले सिकाउनु भएको पाठ भन्न सकें मैले। पाठ आयो।

गुरुले युधिष्ठिरको अगाडी गई उसलाई अंकमाल गर्दै छाती जुधाउँदै भने -"युधिष्ठिर अब मैले बुझें। तिमीले यो पाठ पहिला देखि नै बुझेका रहेछौ। बरु मैले यसको अर्थ बुझ्न सकिन। तिमी परीक्षा उत्तीर्ण भयौ। म (गुरु भएपनि) अनुत्तीर्ण (फेल) भएँ।

"नरिसाउनु" - यो पहिलो शिक्षा हो। बालक कालदेखि आमा बुबा र गुरुलाई सिकाउने शिक्षा। यो जस्तो ठूलो शिक्षा अरु छैन जस्तो छ। किनभने यो क्रोध महाचण्डाल हो। तर उपदेश दिए जस्तै र सुने जस्तै बुझ्न सक्ने व्यक्ति त्यति देखिँदैन।

*(आनन्द स्वामीको बोधकथाएं)*

## सहन सक्ने व्यक्तिले शत्रुलाई जित्नेछ

धेरैजसो व्यक्तिको विचार अनुसार शत्रुलाई दमन गर्नको लागि "शक्ति, बल" र "धन बल" चाहिन्छ। त्यति मात्र होइन झगडा पनि गर्न सक्नुपर्छ। तर साँच्चिकै भन्ने हो भने शक्ति बलले शत्रुको मन बदलिँदैन। बाध्य भएर र दुर्बल भएर मात्र, शत्रु चुपलागेर बस्छ। उसले भित्री मनदेखि सहेको हुँदैन। बलवान र ठूलाबडा व्यक्तिहरू भएर पनि नीच र कमजोरी वर्गका व्यक्तिहरूको तर्फबाट हुन पुगेका गल्तीहरूलाई पनि सहन सक्ने गुण धर्मलाई मात्र महापुरुष लक्षण भन्न सकिन्छ।

गौतम बुद्धको लाभ सत्कार र फैलिएको कीर्तिलाई सहन नसकेर केही दुष्ट स्वभावका व्यक्तिहरूले सुन्दरी परिव्राजिका भन्ने एक जवान केटीलाई हत्या गरी उनको लास भगवान बुद्ध रहनु हुने जेतवन विहारको नजिकै गाडि दिएछ। यसले गरेर बुद्ध र भिक्षुहरूलाई धेरै उपहास र बदनाम हुन थाल्यो। फलस्वरूप भिक्षुहरू बाहिर जान हिचकिचाए। किनभने सबैले उनीहरूलाई गाली गर्न थाले।

भिक्षु आनन्दले भगवान बुद्धलाई भन्नुभयो– भन्ते अर्को ठाउँमा जान पऱ्यो। बाहिर जानै हुँदैन, सबैले मनपरी गाली गरेर ल्याउँछ।

भगवान बुद्धले भन्नुभयो - "अर्को ठाउँमा पनि त्यसरी नै गाली गऱ्यो भने कहाँ जाने नि ? भिक्षु आनन्दले भन्नुभयो - "त्यस ठाउँलाई पनि त्यागेर अन्तै जाने।"

अनि भगवान बुद्धले भन्नुभयो - "आनन्द अर्को ठाउँमा जाने कुरा नगर। यहाँको समस्यालाई यहिं हल गर्ने उपाय सोच। सहने बानी बसाल। हाम्रो केही गल्ती नै छैन। पछि मानिसहरूले सत्यलाई बुझ्ने छन्। यो त कसैको जालले गर्दा मात्र यस्तो हुन पुग्यो। यत्य कुरो पछि प्रकट हुनेछ।

चिञ्चा नाम गरेकी एक तरुणी मानविकाले आफ्नो पेट कृत्रिम तरिकाले ठूलो पारी गर्भवती भएको बहाना गर्दै धर्मदेशना गरिरहनु भएको बुद्ध समक्ष गई बुद्धलाई उनको श्रीमान्‌को रुपमा आरोप लगाइन्। त्यस सभामा थुप्रै मानिसहरू, राजा, अनाथपिण्डिक र विशाखा समेतको उपस्थिती थियो। त्यस महिलाले उनी सुत्केरी हुनको लागि आवश्यक व्यवस्था मिलाइदिनु पऱ्यो भनी बुद्ध समक्ष आग्रह गर्न आएकी थिइन्। यस्तो झूठो आरोपलाई सहेर बुद्धले भन्नुभयो - "बहिनी ! तिम्रो कुरामा कहाँसम्म सत्यता छ। यस विषयमा तिमी र मैले मात्र थाहा छ।

तर अन्त्यमा झूठो र असत्य आरोप लिएर आएकी चिञ्चा असफल भइन्। बुद्धको सत्य र सहनशीलताको महिमाले गरेर त्यहाँ शान्त वातावरण कायम भयो। दुष्ट र कलुषित षडयन्त्रको भण्डाफोड हुनपुग्यो।

भगवान बुद्धको पालाको घटनालाई अलि पर सारौं। किनभने त्यो त २५०० वर्ष भन्दा पनि पुराना घटना भए। अब साधारण परिवारमा करीब १०० वर्ष भन्दा यताको एक दुईवटा घटना सम्झौं।

## सहनशीलताको महिमा

महात्मा शुकरात एक ठूलो विद्वान र दार्शनिक हुनुहुन्छ। तर उहाँकी धर्मपत्नी भने क्रोधकी मूर्ति थिइन्। जहिले पनि झगडा मात्र गरिरहन्थिन्। नरम तरिकाले बोल्न जानेकै थिइनन्। सायद उनीले चिनी खाएकै छैन होला, सधैं झैं तीतो खाने कुरा मात्र खाने गर्छिन होला। शुकरात आफ्नो घरमा केही बेर चुप लागेर बस्यो अथवा पुस्तक हेरेर बस्यो भने उनी बोक्सी जस्तै जंगिएर यसरी कराउने गर्थिन् - "सधैं चुप लागेर मात्रै बस्ने गर्छौ, होइन भने पुस्तक मात्र पढेर बस्छौ। त्यो पुस्तक त आगोले खाए पनि हुन्थ्यो नि। पुस्तकसंग त्यस्तो प्रेम बसेको मान्छेले मसंग किन विवाह गर्नुपऱ्यो ? त्यही पुस्तकसंगै विवाह गरेको भए भइहाल्थ्यो नि।"

एकदिन शुकरात आफ्ना दुईचार जवान विद्यार्थीहरू लिएर घर आउनु भएको रहेछ। घरमा भित्रीएको केही बेर पछि उहाँकी श्रीमतीको कराउने बानी शुरु भएछ। रीसले चूर हुँदै भूइँमा खुट्टा बजार्दै हिंडेछ। संगै आएका विद्यार्थीहरूलाई त सारै नरमाइलो लागेछ। असाध्य नमज्जा लाग्यो उनीहरूलाई। रीस पनि उठेछ। तर शुकरातले भने केही नबोली चुपचाप बसिरहनु भएछ। उहाँकी श्रीमतीलाई त झन जोश चलेछ। उनी झन झन ठूलठूलो स्वरले कराउन थालिन्। तैपनि शुकरात केही पनि नबोली चुपचाप सहेर बस्नुभएछ। (केही नलागेर) श्रीमती चाहिंले त एउटा बाटा लिएर गइन् र बाहिर ढलको हीलो त्यस बाटा भरि राखेर ल्याई आफ्नो श्रीमान् शुकरातको टाउकोमा खन्याइन्। अनि शुकरातले हाँस्दै भन्नुभयो "देवी ! आज त पुरानो उखान मिलेन। बिजुली चम्किन्छ पानी पर्दैन, भुक्ने कुकुले टोक्दैन भनिन्छ, तर आज त बिजुली चम्के जस्तै पानी पनि खूब बर्स्यो। भुक्ने कुकुरले पनि बेस्करी नै टोकिदियो।"

शुकरात त मुसुमुसु हाँसिं नै रहनुभयो। तर एकजना विद्यार्थीलाई भने खूब रीस उठेछ। (खपिनसक्नु



Downloaded from http://www.dhamma.digital

भएपछि) त्यस विद्यार्थीले रिसाउँदै भन्यो - "गुरुदेव ! यी स्वास्नी मान्छे त डंकीनी, राक्षसनी पो रहिछन् । तपाईलाई योग्य रहेनछ ।"

शुकरातले भन्नुभयो - "होइन यी नारी मलाई सुहाँछिन्, ठीक छिन् । उनीले त मलाई बजाउँदै हेरिरहेकी छिन् शुकरात कच्चा छ कि पक्का भनेर । उनीले यसरी बारम्बार बजाएर हेर्ने गरेकीले त मैले जान्ने मौका पाएँ कि मसंग कत्तिको शहनशीलता रहेछ भन्ने कुरो ।"

श्रीमतीले शुकरातको यो शब्द सुन्ने वित्तिकै आफ्नो भूल महशुस गरी शुकरातको महानतालाई बुझिन् । अनि उनीले आफ्नो श्रीमान् शुकरातको पाऊ ढोगी रुँदै भनिन् - "तपाई त देवता हुनुहुंदो रहेछ । मैले तपाईलाई चिन्न सकिन ।"

यो हो तपको महिमा । तप र सहनशीलताले गरेर आखिर मानिसले विजय प्राप्त गरिछोड्छ । खराब व्यक्तिहरू पनि असल बन्छन् । मन बदलिंदो रहेछ ।

## सहनशीलताको चमत्कार

महर्षि दयानन्द फर्रुखावादमा गंगाको किनारमा बस्नु हुन्थ्यो । त्यहिं नजिकै अर्का एकजना साधु पनि एउटा सानो कुटी बनाई बसेको रहेछ । महर्षि दयानन्द देखेर उसलाई ईर्ष्या भएछ । हरेक दिन त्यस साधुले दयानन्द स्वामीकहाँ गई उहाँलाई गाली गर्न सके जति गाली गरी फर्किने गर्थ्यो । दयानन्द स्वामी भने उसको गाली सुनेर हाँसी रहनु हुन्थ्यो । केही जवाफ दिनुहुन्नथ्यो, दयानन्द स्वामी कहाँ आउने भक्तजनहरूले धेरै पटक उहाँलाई यसरी भन्ने गर्थे- "स्वामी महाराज ! तपाईले आज्ञा मात्र दिनुस्, त्यस दुष्ट साधुलाई हामीले ठीक पार्नेछौं ।" (उनीहरूको कुरा सुनेर) स्वामी सधैं भन्नु हुन्थ्यो - "हुँदैन, त्यस व्यक्ति आफसें आफ सभ्य बन्नेछ, एकदिन उ ठीक हुनेछ ।"

एकदिन एकजना उपासक (सज्जन भक्त) ले एउटा डालो भरि फलफुल राखेर महर्षि दयानन्दलाई दान दिन ल्याएछ । महर्षि दयानन्दले ती फलफुल मध्ये राम्रा राम्रा फलफुलहरू एक पोको पारी एकजना मानिसलाई भन्नुभएछ - "फलफुलको यो पोको यहाँ सम्म आई मलाई कृपा राखी हरेक दिन आशीर्वाद दिएर जानुहुने साधुलाई दिएर आउनु ।"

त्यस व्यक्तिले भन्यो- स्वामी जी ! त्यो साधुले त तपाईलाई हरेक दिन गालि गर्दै जान्छ होइन र ? महर्षि दयानन्दले भन्नुभयो - "हो, त्यसैलाई दिएर आउनु ।"

त्यस सज्जनले (बाध्य भएर) फलफुलको पोको लिएर त्यस साधुकहाँ गएर भने - "साधुबाबा ! यो फलफुल स्वामी दयानन्दले तपाईलाई भनेर दिएर पठाउनु भएको ।"

त्यो साधुले दयानन्दको नाम सुन्ने वित्तिकै भन्यो - अरे ! आज एकाबिहानै त्यस अलक्षिण व्यक्तिको नाम सुनाउन आयौ ? कुन्नि आज भोजन प्राप्त हुने हो कि होइन । जाउ बाहिर यहाँबाट । मेरो लागि दिएर पठाएको होइन त्यो फलफुल । अरु कसैको लागि दिएर पठाएको होला । मैलेत सधैं उसलाई गाली गरिरहन्छु ।

यति सुनी त्यस व्यक्ति सरासर महर्षि समक्ष गई भएको सबै वृत्तान्त सुनाए । महर्षिले फेरि भन्नुभयो - तिमी फेरि त्यही साधुकहाँ जाऊ । उसलाई भन - यो फलफुल स्वामी दयानन्दले तपाईलाई नै दिएर पठाएको हो । तपाईले संधै त्यहाँ आई अमृत वर्षाउन आउने भएकोले र पूजा पाठ गर्न आउनु भएकोले धेरै तागत खेर गयो होला । यो फलफुलको रस खानुभई शक्ति बढाउनुस्, अनि सधैं पूजा पाठ गर्नको लागि कति पनि ताकत कम हुने छैन ।

यति कुरा सुनेपछि त्यस साधु कुटिबाट बाहिर आई स्वामी दयानन्द कहाँ गई पाऊ समाती क्षमा माग्न गए । हात जोडेर बिन्ति गर्दै भने - स्वामी महाराज ! मलाई क्षमा गरिदिनुस् । मैले त तपाईलाई एक साधारण मानिस सम्झेको थिएँ । तर तपाई त मानिस होइन देवता हुनुहुँदो रहेछ ।

यही हो सहनशीलताको चमत्कार । जुन व्यक्तिसंग पवित्र सहनशीलता हुन्छ, उसको जीवनमा धेरै मीठो रस प्राप्त हुनेछ । जीवन संधै रमाइलो हुनेछ । एक अद्भूत सन्तोष र प्रकाश प्राप्त हुनेछ ।

*(आनन्द स्वामीकी बोध कथाएँ)*

*क्रमशः*

# अनिच्चावत संखारा

२०५७ फागुन ९ गते सुशीला गुरुमां नं ८६ दँया बैशय् थ:गु अनित्य देह त्याग याना बिज्या:गु समाचार दु।

प्राप्त समाचार अनुसार फागुन ११ गते वसपोलया पार्थिव शरीरयात वसपोल च्वना बिज्या:गु तन विहार, चंकी यलं संखमोलय् यंका: दाह संस्कार या:गु ख: ।

भिक्षु बुद्धघोष, भिक्षु सुबोधानन्द, भिक्षु कुमार काश्यप, भिक्षु सुगतमुनी सहित आपालं मेपिं भन्तेपिं व रत्नमञ्जरी गुरुमां, उत्तरा गुरुमां, माधवी गुरुमां, ञाणशीला गुरुमां, सत्यशीला गुरुमाँ, संघरक्षिता गुरुमाँ, कमला गुरुमाँ लगायत ५३ म्ह गुरुमांपिं व मेपिं यक्को उपासक उपासिकापिं सहभागी जूगु उगु दाह संस्कार कार्यक्रमय् दाह संस्कार याय् न्ह्यो भिक्षु बुद्धघोष महास्थविरं पञ्चशील प्रार्थना याका बिज्या:गु ख: । अनं लिपा भिक्षु संघ व गुरुमांपिनिपाखें परित्राण पाठ सम्पन्न जुल। परित्राण पाठ लिपा भिक्षु बुद्धघोष महास्थविरपाखें संसारया अनित्य स्वभाव बारे धर्मदेशना याना बिज्यासे बौद्ध परियत्ति शिक्षा प्रचारया ज्याझ्वले सुशीला गुरुमांया देन प्रकाश याना बिज्यात।

अथेहे वसपोल गुरुमांया देन न्ह्यब्वया भिक्षु कोण्डञ्ञं थ:गु बिचा: प्वंका बिज्यात। अनं लिपा मदुम्ह गुरुमांया पुण्यस्मृती पुण्यानुमोदन कार्यक्रम सम्पन्न जुल। पुण्यानुमोदनं लिपा वसपोल गुरुमां सुशीलाया पार्थिव शरीरय् मितय्गु ज्याझ्व: शुरु जुल।

मितय्गु ज्याझ्वले दकले न्हापां भिक्षु संघपाखें भिक्षु सुबोधानन्द, भिक्षु बुद्धघोष व भिक्षु कुमार काश्यप पाखें मितया बिज्याय् धुंका: गुरुमांपिनिपाखें नं वसपोलया पार्थिव शरीरय् मितया बिज्यात।

अनं लिपा सुशीला गुरुमांया पुण्यस्मृती दान प्रदान ज्याझ्व: सम्पन्न यासे दाह संस्कार ज्याझ्व: क्वचाय्कूगु ख: ।

वि.सं. १९७२ फागुपुन्ही खुन्हु भोजपुरय् अबुजु पूर्णरत्न शाक्य व मां शुभलक्ष्मी शाक्यया म्ह्याय् जुया जन्म जुया बिज्या:म्ह वसपोल सुशीला गुरुमांया गृहस्थीया नां आशामाया ख: ।

वसपोल वि.सं. २००१ पौष पुन्ही खुन्हु ३० दँया वैशय् कुशीनगरे प्रव्रजित जुया सुशीला गुरुमां जुया बिज्या:गु ख: । मिसा मचातय्त आख: ब्वंकेगु चलन मदुगु उगु जमानाय् व्यवहारिक स्कुल शिक्षा ब्वने मखंसां वसपोल नेपाल बौद्ध परियत्ति शिक्षाया दकसिवे च्वेयागु "परियत्ति सद्धम्म कोविद" परिक्षाय् गुरुमांपिं मध्ये दकले न्हापा उत्तीर्ण जुया बिज्या:म्ह गुरुमां ख: । बौद्ध परियत्ति शिक्षा थ:म्हं अध्ययन या:थें बृद्धा अवस्थाय् तकनं नेपाल बौद्ध परियत्ति शिक्षाय् शिक्षिका जुया थुगु शिक्षा मेपिन्त नं स्यने कने याना: धर्म प्रचार ज्याय् थ:म्हं फक्को लगनशील जुया बिज्या:म्ह ख: वसपोल गुरुमां।

वसपोलया कुतलं मिति २०४० साल भाद्र १७ गते यलय् च्वंपिं गुरुमांपिनि लागि अनगारिका संघ स्थापना जुल । अले वसपोल उगु संघया संस्थापक अध्यक्ष जुया बिज्यात। अथेहे मिति २०४९ साल कार्तिक १२ गते स्थापना जूगु नेपाल अधिराज्यव्यापी अनगारिका संघया लागि वसपोलयात उगु संघया सर्वसम्मतिं अध्यक्ष मनोनित या:गु ख: ।

थौंतक वसपोलयापाखें पिहाँव:गु सफूत वसपोलया कीर्तिया रूपय् थुकथं उल्लेख जुयाच्वंगु दु -

*अनुवाद–*

(१) वन वासीतिस्स (नेपालभाषा)

(२) लङ्कादीपुप्पत्ति रसवाहिनी-प्रथम भाग (नेपालभाषा)

*सम्पादन/संकलन–*

(३) अग्रमहिषी मल्लिकादेवी (नेपालभाषा)

(४) धम्मदिन्ना थेरी (नेपालभाषा)

(५) आसीविसोपम सुत्त (नेपाली भाषा)

(६) धम्मदिन्ना थेरी (नेपाली भाषा)

(७) सारिपुत्रको मातालाई धर्मदेशना (नेपाली भाषा)

(८) प्रजापति गौतमी (नेपाली भाषा)

*प्रकाशन–*

(९) त्रिरत्न वन्दना (पालि र नेपालभाषा)

(१०) बौद्ध शिक्षा (पालि र नेपालभाषा)

(११) पालि पाठ सिक्खावली (पालि र नेपालभाषा)



Downloaded from http://www.dhamma.digital

# सम्यक सम्बुद्ध म्हसीके

*अनुवादकः* **कुल धर्मरत्न तुलाधर**

**"इतिपि सो भगवा सम्मा सम्बुद्धो"**

वसपोल भगवान सम्यक सम्बुद्ध नं खः । आः वसपोल भगवान गुकथं सम्यक सम्बुद्ध जुया बिज्यात, व खँ नं सीकेमाल । पञ्चवर्गिय भिक्षुपिंसं गौतम बुद्धयाके थुकथं प्रश्न यात-

"भो गौतम ! छःपिसं दुष्कर चर्या याना उत्तम आर्य दर्शन अथवा परम मुक्त अवस्था थ्यंके मफत धाःसा आः लँ द्वंकाः भोग बहुलताया जीवन हनाः झन व अवस्थास गथे थ्यंके फतले ?"

अले भगवान बुद्धं धया बिज्यात- "भिक्षुपिं ! तथागत न मुंकेगु ज्याय् लगे जूगु दु, न साधना भ्रष्ट जूगु दु, न भोग बहुलताय् लाःगु दु । तथागत अरहत खः, सम्यक सम्बुद्ध खः ।"

ध्वया न्हापा नं उरुवेल बोधिमण्डपे ऋषिपतन मृगदावनपाखे बिज्याना च्वंबले वसपोल भगवानयात लँय् ध्वदूम्ह उपक धयाम्ह परिव्राजकं वसपोलया आचार्य सु खः धकाः न्योंबले नं वसपोलं थथे घोषणा याना बिज्याःगु खः- "जि विश्वे जिन ख....मनयात बशे तय् धुम्ह अनुपम शास्ता खः । शीतलता व निर्वाण चूलाके धूंम्ह बोध जूम्ह सम्यक सम्बुद्ध खः । जि सर्वस्व त्यागी, तृष्णा क्षय याय् धुंम्ह जूगुलिं विमुक्त खः । जि थःथम्हं हे अभिज्ञान अनुभव यानाम्ह खः ।

धात्थें नं सम्बुद्ध वहे ज्वी गुम्हसिया आचार्य गुरु धयाम्ह दैमखु । गुम्ह स्वयम्भु अर्थात् थःथम्हंतुं थःगु अभिज्ञानं हे बुद्ध जूम्ह खः, व हे सम्बुद्ध खः । सत्ययात थःथम्हं तप्यंक अनुभव यानाः पूवंक सीका काइम्ह हे सम्यक सम्बुद्ध ज्वीगु खः । थुजाम्ह व्यक्तिं थःम्हस्यां अनुभव यानाः सीकूगु सत्यज्ञान हे मनूतय्त इनाबीगु खः । वसपोलं धयाबिज्यात-

"भिक्षुपिं ! सुं नं श्रमण ब्राह्मणयापाखें न्यनागु भरय् जिं ध्व धयाच्वनागु मखु । थःम्हं हे सीकाः, खंकाः, थ्वीकाः हे जक कनाच्वनागु खः ।"

अथे जूगुलिं वसपोलं मेपिन्त नं थःथम्हं थ्वीकाः खंकेगु विद्या स्यना बिज्यात । खुगू इन्द्रियया क्षेत्रय् सुख दुःख व असुख अदुःखया अनुभव ज्वीबले फुक्कं अनित्य खः धकाः दुनुगलं चाय्केफुलिसे अविद्या मदयावनी । प्रज्ञा दयावै ।

बुद्ध वाणी अध्ययन याना यंकेबले "सम्पजान" "पस्स" धयागु खँग्वः थाय्थासय् छ्यलाताःगु खनेदु । थुकीया अर्थ थःथम्हं अनुभव याना सीकाका धकाः थ्वीका काय्माल । तर थौंकन्हे अपो मनूतसें न्यनागु खँयात सत्यगु खँ धकाः श्रद्धाया बलं अथवा तर्क बुद्धिया बलं स्वीकार यानाच्वंगु दु । इमि क्षमता नं थुली हे जक सीमित ज्वीगु जुल । बुद्धंला प्रत्यक्ष सत्ययात थःगु हे अनुभवं सीका बिज्यात । अले थुकिं थःगु आश्रवत न्हनावंगु चाय्का बिज्यात । फलस्वरूप वसपोल मुक्त व अरहन्त जुया बिज्यात । थुकथं वसपोल गुरु बिना हे मुक्त जुया बुद्ध जुया बिज्यात ।

साधारण अरहन्तपिंसं नं सत्ययात प्रत्यक्ष सीकाः जक मुक्ती अवस्था प्राप्त याय्फैगु खः । बुद्धं स्यना बिज्याःगु विपश्यनाया ज्ञानयात मकाय्कं सत्ययात दुनुगलं मखंकं सुं नं मुक्त ज्वी फैमखु । सम्यक सम्बुद्ध तनावने धुंकूगु मुक्तिया लँपुयात थःम्हं मालाः लुइका बिज्यात् । उकें वसपोलयात "मग्ग गवेसी" नं धाई । थःम्हं ल्वीकूगु लँपुयात थःम्हं प्रयोग नं याना बिज्यात ।

उकें वसपोलयात "मग्गञ्ञू" नं धाई । उगु लँपुई बिज्यानाः मुक्त नं जुया बिज्यात । उकिं वसपोलयात "मग्गकोविद" नं धाई । वहे लँपुयात वसपोलं करुणा तया मनूतय्त स्यनेकने याना बिज्यात । उकें वसपोलयात अक्खातारो नं धाई ।

थुकथं तथागत अरहत सम्यक सम्बुद्ध सुनानं मस्यूगु लँपुयात सीका बिज्याःम्ह, कनामतःगु लँपुयात कना बिज्याःम्ह मार्गज्ञाता व मार्गवीद्, मार्ग कोविद खः । तर श्रावक भिक्षुपिं उगु मार्गया ल्यू ल्यू वनीपिं खः । प्रज्ञां विमुक्त भिक्षुपिं व तथागतया बिचे थुकथं भिन्नता दु ।

## प्रत्येक बुद्ध व सम्यक सम्बुद्ध

प्रत्येक बुद्धं नं थ:गु हे मेहनतं मुक्ति मार्ग ल्वीका: भव मुक्ति जुइगु ख: । तर अथे जूसां वसपोलपिन्त सम्यक सम्बुद्ध धाई मखु । छाय् धा:सा वसपोलपिसं थ: याक:चा जक मुक्ति ज्वीगु लागि मेहनत याना बिज्याई । मेपिन्त मुक्तिया लँपु क्यना बिज्याय् फैमखु । उकें प्रत्येक बुद्धयात एकाकी बुद्ध नं धाई ।

प्रत्येक बुद्धया स्वया: सम्यक सम्बुद्धया सम्बोधी सम्यक रूपं परिपूर्ण ज्वी । छाय् धा:सा सम्यक सम्बुद्धं जन्म जन्मपतिं थ:गु मुक्तिया नाप नापं मेपिं प्राणीपिन्त नं धर्मया लँपुई न्ह्या:वनेगु प्रेरणा बिया बिज्याई । वसपोलं थम्हं सम्यक सम्बोधि प्राप्त याना बिज्याय् धुंका: मेपिन्त नं मुक्त याय्त गुहाली बिया बिज्याइ । थ्व वसपोलया महत्त्वपूर्णगु विशेषता ख: । थुकिंयाना वसपोलयात प्रत्येक बुद्ध मधासे सम्यक सम्बुद्ध धाई ।

धात्थें नं सुं नं सम्यक सम्बुद्ध ज्वीबले फुक्क प्राणीपिनिगु भिंया लागि हे ज्वीगु ख: । "बुद्धो लोके समुप्पन्नो हिताय सब्ब पाणिनं"

सामान्य बुद्धत्व अवस्था थ्यंकेत भिगू पारमिता पूवंकेमा: । पारमीता उगु सद्‌गुणया परिपूर्णतायात धाई गुकिंयाना: सुयातं भव संसारया थुगु पारिं उगु पारीया निर्वाण तक थ्यंकेगुली गुहाली याई । भिगू पारमिता थथे ख: । (१) दान (२) शील (३) निष्क्रमण (४) प्रज्ञा (५) वीर्य (६) क्षान्ति (७) सत्य (८) अधिष्ठान (९) मैत्री (१०) उपेक्षा ।

थ:गु सांसारिक धन सम्पत्ति, वैभव, ऐश्वर्य, प्रभुत्त्व सत्तां जक मयाक थ:गु शरीरया नं छुं अंश परित्याग याय्‌गुयात दश उपपारमिता धाई ।

उलिनं मगाना: थ:गु जीवनयात हे परित्यागयात धा:सा उकीयात दश परमत्थ पारमिता धाई ।

सम्यक सम्बुद्ध जुय्त थुगु हिसावं स्वीगू पारमिता पूर्ण याय्मा:गु जुल ।

थुकीया लागि प्रत्येक बोधिसत्त्वपिसं अनेक जन्मे पारमिता पूवंकेया निंति थ:गु व मेपिनिगु कल्याण ज्वीगु ज्या याना भिंगु लँपु क्यना बिज्याइ । थुकथं बोधिसत्त्व चर्याय् थ:गु हित व परहित ज्या स्वानाच्वंगु दु ।"

विपश्यनाचार्य पूज्य गुरु सत्यनारायण गोयन्काजुया "त्रिपिटक में सम्यक सम्बुद्ध" धयागु सफुतिं संक्षिप्त उद्‌घृत याना नेपालभाषाय् अनुवाद यानागु जुल ।

**'भवतु सब्ब मंगलं'**

## "सुख"

*✍ भिक्षु संघरक्षित, संघाराम*

कसलाई कहिल्यै मनपर्छ र दु:ख
तलासिरहन्छन् जग सब केवल सुख ॥

सुखको खोजिमा कहाँ पो गइन
नसोध बन्धु के के नै गरिन ।

तर ब्यर्थ ! सुखलाई पाउन सकिन
दु:ख मै अल्झी उम्कन सकिन ॥

दिन दुगुणा रात चौगुणा तर्साउँछ दु:ख
पलपलमा सर्वदा नपाई तड्पाउँछ सुख ॥

आजुबाजुमा छ सुख, हरे ! पाउन सकिन
मुटु मै छ, शान्तिमा कहिलै रम्न सकिन ।

अन्त: करणको गुञ्जन एउटै सुख-सुख
उफ् ! विरक्तिसकेको छु पाइकन दु:ख-दु:ख ॥

तृष्णा-क्लेश असन्तुष्ट कारण दु:ख
त्यागी पाउँछु अब त मात्र प्रिय सुख ॥

## धर्मकीर्ति विहार—— गतिविधि

### भिक्षुणी अनुयाइ संघको पुनर्गठन

२०५७ फागुण २३ गते ।

धर्मकीर्ति विहारमा आयोजित भिक्षुणी अनुयायी संघको सभामा उक्त संघको पुनर्गठन गरिएको समाचार छ । प्राप्त समाचार अनुसार भिक्षुणी अनुयायी संघका अध्यक्ष सुशीला गुरुमांका. देहावसान पश्चात् खाली भैरहेको उक्त पद पूर्ति गर्ने सिलसिलामा हाल धम्मवती गुरुमांलाई अध्यक्ष र रत्न मञ्जरी गुरुमांलाई उपाध्यक्षको रूपमा उक्त सभाको सर्वसम्मतिबाट मनोनित गरिएको छ भने बाँकी रहेका अन्य पद र कार्यकारीणी सदस्यहरूलाई यथावत् चालु राख्ने निर्णय गरिएको छ ।

उक्त सभाले स्व. सुशीला गुरुमांको देहावसानमा खेद प्रकट गर्दै उहाँको गुणानुस्मरण गर्दै शोक सभा मनाउने निर्णय गरेको थियो ।



Downloaded from http://www.dhamma.digital

*२०५७ फागुन २० गते । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवार कक्षामा श्री नरेन्द्र नाथ भट्टराईज्यूले धर्ममा मेरो दृष्टिकोण विषयमा चर्चा गर्नुभयो ।*

### धर्ममा मेरो दृष्टिकोण

भगवान बुद्धले चार आर्यसत्य खोजेर सरल तरिकाबाट धर्म भनेको के हो भनेर बुझाई दिनु भएको छ । हाम्रो दैनिक जीवनमा भइरहेका घटनाबाट सुख र दु:ख हुनुको कारण देखाएर भगवान बुद्धले जीवन सजिलो तरिकाबाट जीउने धर्म सिकाई दिनु भएको छ । धर्म भन्नाले जुन कुरा धारण गर्दा वा अपनाउदा हाम्रो कल्याण हुन्छ, भलो हुन्छ सुख हुन्छ र जुन कुरा धारण नगर्दा दु:ख हुन्छ अशान्ति हुन्छ यसलाई म धर्म भन्ने गर्दछु ।

मानिसहरूले धर्म गर्न गाऱ्हो छ भन्ने गर्दछन् तर मेरो दृष्टिकोणमा धर्म गर्न अति सजिलो छ बरु पाप गर्न गाऱ्हो छ । किनभने पाप गर्ने व्यक्तिले आफ्नो क्षणिक सुख प्राप्तिको लागि अरुले थाहा नपाउने गरी झुठो बोल्नु, चोर्नु वा कसैलाई मार्न उसले धेरै मेहनत वा षडयन्त्र गर्नु पर्ने हुन्छ अरुले देख्ला, थाहा पाउला की भनि डर चिन्ता हुन्छ साथै आफू पनि बच्न गाऱ्हो हुन्छ । धर्म गर्न कसैको डर चिन्ता लिनु पर्दैन हामीले गर्ने आफ्नो काम कर्तव्य ठिक ठिक तरिकाबाट गर्ने सत्यता नै धर्म हो । धर्म सजिलैसंग गर्न सकिन्छ ।

युवा अवस्थामा मोज मज्जा गर्नु पर्दछ धर्म उमेर ढल्केपछि वा बुढेसकालमा गर्नु पर्छ भन्ने आजका युवाहरूको भनाईप्रति असहमति व्यक्त गर्दै वहाँ भन्नु हुन्छ । बुढेसकालमा आफ्नो शरीर आफैलाई भार हुने बेलामा केही उन्नती गर्न सक्दैन युवा अवस्थामा जुन शक्ति हुन्छ त्यो बुढेसकालमा हुन्दैन बुढेसकाल त फल टिपिसकेको विरुवा जस्तै हुन् भन्नुभयो ।

अधिकांश युवाहरू सुख पाउनको लागि लागु पदार्थ सेवन गर्ने गर्दछन् जसले गर्दा क्षणिक सुख प्राप्त भएको महसूस गर्दछन् अन्तत यसले विभिन्न किसिमका रोगी भएर दु:ख पाउँछन् । सुखी जीवनको लागि सुख र शान्तिलाई हेरेर आफूमा धर्म छ कि छैन भनेर आफैले मूल्यांकन गर्न सकिन्छ । सत्य धर्मलाई बुझेर आफ्नो जीवनको लक्ष्य पहिचान गरी जीवनको लक्ष्य पूर्ण गराउनु पनि धर्म हो । सत्यलाई सही तरिकाबाट बुझाई दिएको खण्डमा मानिसमा धार्मिक चेतना जागृत भई उसले सुख दु:खको अनुभव गर्न सक्ने हुन्छन् ।

यस कक्षाका संचालक श्री श्यामलाल चित्रकार र रिपोर्टर चिनीकाजी महर्जन ।

### निर्वाण

२०५७ मंसिर २९ गते । रिपोर्टर : श्यामलाल चित्रकार

यसदिन कक्षामा उपस्थित हुनु भएका विभिन्न सहभागीहरूले निर्वाणको अर्थलाई आ-आफ्ना विचार अनुसार यसरी मन्तव्य व्यक्त गर्नु भएका थिए-

निर्वाण भनेको सुख दु:ख नभएको चित्तको तटस्थ अवस्था, जन्म मरणबाट छुटकारा, सम्पूर्ण क्लेशहरूबाट मुक्ति, दु:खबाट मुक्त, अष्टलोक धर्मबाट कम्प नहुनु र तृष्णा रहित अवस्था आदि आदि ।

निर्वाण (जन्म मरण चक्रबाट मुक्ति अवस्था) बारे जानकारी राख्ने विषय राखी संचालित उक्त कक्षामा वीर्यवती गुरुमांले निर्वाण विषयमा यसरी व्याख्या गर्नुभयो । निर्वाण कुनै अलग्ग ठाउँ र विशेष गुणले भरेको वस्तु होइन । निर्वाण चित्तको यस्तो अवस्था हो, जसमा दु:खको नामोनिसान हुँदैन र सुखको अभिलाषा पनि हुँदैन । बाँध बाँढेर जम्मा पारिएको पानीले बिद्युत जस्ता अनेक उपयोगी शक्तिहरू निकाल्न सके जस्तै पञ्चकाय सुखको भेलमा आशक्त भई बगिरहन रमाउने हाम्रो चित्तलाई समय समयमा नियन्त्रण गरी यसले चतुआर्य सत्य (दु:ख, दु:खको कारण तृष्णा, दु:ख निरोध गर्न सक्ने सत्य र दु:ख निर्मूल गर्नको लागि अपनाउनु पर्ने आर्य अष्टाङ्गिक मार्ग) लाई बुझेर त्यसलाई व्यवहारमा उतार्न सके यस चित्तमा निर्वाण जस्तो अमूल्य ज्ञान प्राप्त गर्न सक्ने अमूल्य शक्ति उत्पन्न हुन सकिन्छ ।

निर्वाण कसैले दिएर लिने विषय नभएकोले यसलाई प्रार्थना मात्र गर्दैमा प्राप्त गर्न सकिदैन । निर्वाण त आफ्नो स्वार्थ रहित आशक्ति र तृष्णाबाट मुक्त रहेको शुद्ध चित्तले अनुभव गर्ने मनको शान्ति हो । यो कुनै ठोस वस्तु र ठोस स्थान होइन । त्यसैले हामीले भन्न सक्छौं, निर्वाण भनेको स्वार्थ भावना रहित स्वच्छ, निर्मल र क्लेश विहिन चित्तको शान्त अवस्था हो । जुन

अवस्थालाई आफ्नै चित्तले अनुभव गर्नसके मात्र मानसिक शान्ति प्राप्त हुनेछ।

**मानिसहरूको यश वृद्धि हुने धर्म**

२०५७ माघ २८ गते। रिपोर्टर : श्यामलाल चित्रकार

यसदिन भिक्षु अश्वघोषले प्रवचन गर्नु हुँदै भन्नुभयो- "हामीले धर्म गर्नुको अन्तिम उद्देश्य निर्वाण (दु:खबाट मुक्त) प्राप्त गर्नु हो। निर्वाण नै सर्वोत्तम सुख हो। तर सुख प्राप्तिको लागि धर्म गर्ने भन्नाले स्वार्थीपना लुकेको देखिन्छ। दु:खबाट मुक्त हुनको लागि बुद्धले मध्यम मार्ग देखाउनु भएको छ भने मानिसहरूको यश वृद्धि हुने सातवटा कारणहरूलाई धम्मपदमा उल्लेख गरिएको पाइन्छ। ती कारणहरू यसरी छन्–

(१) उत्साही हुनु (२) होशीयारी हुनु (३) दोष रहित कार्य गर्नु (४) होशपूर्वक राम्ररी काम गर्नु (५) संयमित तथा अनुशासित हुनु (६) धार्मिक जीवन निर्वाह गर्नु। (७) अप्रमाद बन्नु अर्थात् स्मृतियुक्त हुनु।

**बुद्धधर्म अध्ययन र उपासक उपासिकाहरू**

२०५७ फागुन ६ गते। रिर्पोटर अम्बिका शाक्य

यसदिन मदन रत्न मानन्धरले "बुद्धधर्म अध्ययन र उपासक उपासिकाहरू" विषयमा ब्याख्या गर्दै भन्नुभयो - "धर्म मानव जीवन जिउने एउटा माध्यम हो। धर्म प्रकृती जस्तो उदार र स्वतन्त्र छ। यसलाई कुनै जात जाती र सम्प्रदायभित्र सीमित राख्न हुँदैन।

आजभोली अति व्यस्तताको कारणले गर्दा बुद्ध शिक्षाहरू उल्लेखित पुस्तक र लेखहरू प्रकाशन भइरहे तापनि मानिसहरूले त्यसलाई अध्ययन गर्ने समय दिन सकिरहेका छैनन्। अझ यस शिक्षालाई आफ्नो दैनिक व्यवहारमा उतार्न सक्ने व्यक्तिहरू त धेरै नै कम मात्रामा मात्र भेट्टिन्छन्।

यदि हामीले आफूलाई बुद्धको अनुयायी बनाउन चाहन्छौं र दु:खबाट मुक्त हुने बाटोमा लाग्न चाहन्छौं भने बुद्धको श्रुतमय ज्ञान भएका पुस्तकहरू किनेर अध्ययन गरी त्यसलाई होशियारीपूर्वक जीवनमा प्रयोग पनि गर्न सक्नु पर्दछ। यस्तो हुन सकेमा बुद्ध शिक्षा प्रचार प्रसारका लागि पुस्तक लेख्ने लेखकहरू अझ प्रोत्साहित हुनेछन्। त्यति मात्र होइन यसरी पुस्तक अध्ययन गर्दा बुद्ध शिक्षा र ज्ञानहरू सिक्ने मौका पाई हामी पनि ज्ञानी बन्न सक्नेछौं। यसलाई त पुस्तक किनेर प्राप्त भएको फाइदा (फ्वसा) को रूपमा लिन सकिन्छ।

## धर्मकीर्ति बौद्ध मासिक
### बर्ष १७ अंक १-१२ सम्म (२०५६) को
### आय व्यय विवरण

| खर्च | रकम रू. | आम्दानी | रकम रू. |
|---|---|---|---|
| कागज खर्च | ६१,३३०/- | ग्राहक शुल्क | ९५,०५०/- |
| छपाई खर्च | ८५,९८४/- | विज्ञापन | ५१,४०७/- |
| मसलन्द खर्च | २९१५/- | | |
| हुलाक | १५,४५५/- | | |
| ढुवानी | ४९०/- | | |
| फुटकर खरिद | ५८/- | शोध भर्ना गर्नु पर्ने | |
| कार्यालय खर्च | ४६००/- | घाटा रकम | २५,६४०/७९ |
| बैंक कमिशन | ४५०/- | | |
| विशेष सदस्य प्र. फ्रेम | ७१०/- | | |
| कर (ब्याज+आयकर) | १०५/७९ | | |
| | १,७२,०९७/७९ | | १,७२,०९७/७९ |

उक्त रकम यसरी शोधभर्ना गरिएको छ।

| | |
|---|---|
| पत्रिकाको मुद्दती खाताबाट ब्याज प्राप्त | रू. ४४,०००/- |
| पत्रिकाको बचत खाताबाट ब्याज प्राप्त | रू. २३,४०२/०९ |
| जम्मा ब्याज | रू. ६७,४०२/०९ |
| यस वर्षको घाटा रकम | रू. २५६४०/७९ |
| शोधभर्ना गरी बचत रकम | रू. ४१,७६१/३० |

### पत्रिका कोषको विवरण

| | |
|---|---|
| २०५५ साल मसान्त सम्मको जम्मा रकम | रू. ४,५८,४४७/३५ |
| २०५६ -१ देखि २०५६ साल मसान्त सम्मको | |
| विशेष सदस्य २३ जनाबाट प्राप्त रकम- | रू. २३,४५४/- |
| दान चन्दा प्राप्त रकम | रू. ३०००/- |
| शोध भर्ना गरी बचत रकम | रू. ४१,७६१/३० |
| कोषमा भएको जम्मा रकम | रू. ५,२६,६६२/६५ |



Downloaded from http://www.dhamma.digital

## जितवन विहार, थानकोट

२०५७ चैत्र ४ गते ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ३० औं वार्षिक भेला थानकोट स्थित जितवन विहारमा २०५७ चैत्र ४ गते शनिवारका दिन एक कार्यक्रम बिच सम्पन्न भयो । पहिलो कार्यक्रममा बिहान गोष्ठीका सदस्यहरू र जितवन विहारका उपासक उपासिकाहरू बिच सामुहिक बुद्ध पूजाबाट शुरू भएको उक्त कार्यक्रममा अनगारीका अनुपमाले धर्मदेशना गर्नुभयो ।

भोजन पश्चातको दोस्रो कार्यक्रममा विहाराधिपति श्रद्धेय भिक्षु सुगतमुनि महास्थविरले जितवन विहारको स्थापनाबारे छोटो जानकारी दिनुभयो ।

वार्षिक भेलाको मुख्य विषयवस्तु प्रगति विवरण पेश गर्ने क्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले यस वर्ष गरेका विभिन्न कार्यक्रमको प्रगति प्रतिवेदन गोष्ठीका सचिव श्री इन्द्र कुमार नकर्मीले प्रस्तुत गर्नुभयो ।

आफ्नो मन्तव्य दिने क्रममा यस गोष्ठीका संस्थापिका अध्यक्षा भिक्षुणी धम्मवतीले "अध्ययन गोष्ठीले आफ्नो वार्षिक भेला आफ्नै स्थानमा नगरी हरेक वर्ष विभिन्न विहार विहारमा आयोजना गर्नुको मुख्य कारण हामीहरूले एक विहार देखि अर्को विहार बिच सुमधुर सम्बन्ध कायम गर्नु हो ।" भन्नुभयो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका विभिन्न एकाईहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने क्रममा गोष्ठीका कोषाध्यक्ष सुश्री मिनशोभा शाक्यले अध्ययन गोष्ठीको यस वर्ष (२०५७) को कार्यक्रम सञ्चालन गर्दा भएका आम्दानी र खर्च सम्बन्धी आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । यसै क्रममा विभिन्न एकाईहरूको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने क्रममा अध्ययन गोष्ठीको शनिवारीय कक्षा सञ्चालनबारे सदस्य श्री श्यामलाल चित्रकारबाट, धर्मकीर्ति पुस्तकालयबारे सुश्री रामेश्वरी महर्जनबाट, स्वास्थ्य कार्यक्रम सञ्चालनबारे संयोजक श्री डा. चन्द्रेश रत्न तुलाधरबाट र "धर्मकीर्ति" मासिक पत्रिका प्रकाशनबारे व्यवस्थापक श्री चिनीकाजी महर्जनले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

आफ्नो मन्तव्य दिने क्रममा यस गोष्ठीका धर्मानुशासक पुज्य भिक्षु अश्वघोष महास्थविरले "हामीहरू धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा आईरहे जस्तै हामीमा बौद्ध चरित्र भएमा मात्र अध्ययन गोष्ठीमा आएको सार्थकता हुन्छ । बौद्ध चरित्र भन्नाले धेरैजसो बौद्ध परम्परालाई बुझेको देखिन्छ तर मैले जाने अनुसार आ-आफ्नो चरित्र सुधार गरी जिविकोपार्जन गर्नु नै बौद्ध चरित्र कायम गर्नु हो ।" भन्नुभयो ।

सो कार्यक्रममा गोष्ठीका सदस्य श्री अगम्यरत्न कंसाकारले धन्यवाद दिनुभयो । सदस्य श्री अरुण सिद्धि तुलाधरले स्वागत भाषण गरी शुरू भएको उक्त कार्यक्रम सह-सचिव श्री ध्रुवरत्न स्थापितले सञ्चालन गर्नु भएको थियो ।

अन्तमा, सदा झैं यस वर्ष कल्पबृक्ष कार्यक्रम नगरी अध्ययन गोष्ठीका सदस्यहरूमा बौद्धिकस्तर अझ बढाउन एक प्रश्न उत्तरको कार्यक्रम गरी तत्कालै पुरस्कारको पनि व्यवस्था गरी वार्षिक भेला कार्यक्रम सम्पन्न भयो ।

*रिपोर्टर - श्रीमती बिमला शाक्य*

**( प्रतिवेदन अर्को अंकमा )**

## स्वास्थ्य सेवाया सूचना

धर्मकीर्ति विहारयापाखें प्रत्येक शनिवार स्वास्थ्य सेवा जुया च्वंगु दु । म्ह मफुपिं डाक्टर नापलायत् व जाँचे याकेत सकसितं लसकुस (स्वागत) दु । अष्टमी औंसीबले स्वास्थ्य सेवा मजुइगु नं सुचं दु ।

*बिरामिपिं जाँचे याइपिं डाक्टरत :–*

डा. थीरमान शाक्य, डा. योगेन्द्रमान शाक्य, डा. चन्द्रेश रत्न तुलाधर, नर्स तारा दिदी ।

*थाय् - श्रीघ: विहार, लुमंकादिसं न्हैं !*

**✿ धर्म प्रचार ✿ — समाचार**

## तनहुँमा आँखा शिविर र धर्म प्रचार

युवा बौद्ध संघ, पोखराको सामाजिक सेवा कार्यक्रम अन्तरगत केशवटार गा.वि.स. तनहुँमा दुई दिने आँखा शिविर सम्पन्न भयो । हिमालयन आँखा अस्पताल पोखराका सहयोगमा सम्पन्न यस कार्यक्रममा २५० जनाले फाइदा उठाएका थिए ।

यसै कार्यक्रममा धर्म प्रचार गर्न नीति अनुसार भिक्षु विशुद्धानन्द र भिक्षु श्रद्धानन्दद्वारा चैत्र ३ गते केशवटारमा र चैत्र ४ गते नयाँ गाउँमा धर्मदेशना गरिएको थियो । मगर जातिको बाहुल्य भएको गा.वि.स.मा बुद्ध शिक्षा र जनगणना बारे जानकारी दिइएको समाचार छ ।

## बौद्ध प्रशिक्षण शिविर

धादिङ्ग जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ८ हुलाक भञ्ज्याङ्गमा अवस्थित निर्माणाधिन दधि सुवर्ण नाम गरेको महाविहारको प्राङ्गणमा गत फागुन १३, १४ र १५ गते हिमालय बुद्धिष्ट एजुकेशन फाउण्डेशनको सहयोगमा ३ दिने बौद्ध प्रशिक्षण शिवर सम्पन्न भएको समाचार छ ।

फागुन १३ गते सो वडाका ८५ वर्षीय जेष्ठ पुरुष श्री टंकलाल शाक्यले उद्घाटन गरेको सो शिवरमा वडा अध्यक्ष श्री पूर्णमान शाक्यले स्वागत मन्तव्य दिनु भएको थियो भने शिविरका प्रमुख प्रशिक्षक श्री हर्षमुनी शाक्यले बौद्ध प्रशिक्षण शिविरको महत्त्व बारे प्रकाश पार्नु भएको थियो ।

शिविरको दोश्रो दिन श्री शान्तरत्न शाक्यले विहारमा बुद्ध पूजा र ज्ञानमाला भजन पनि सञ्चालन गर्नुभएको थियो । ७५ जवान प्रशिक्षार्थीहरूको सहभागिता रहेको उक्त शिविरको अन्तिम दिनमा आयोजित समापन समारोहमा वडा अध्यक्ष पूर्णमान शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने हर्षमुनी शाक्यले भविष्यमा पनि यस प्रकारको शिविर संचालन कार्यलाई निरन्तरता दिनुपर्ने कुरामा जोड दिनु भएको थियो ।

उक्त शिविरमा विभिन्न प्रशिक्षकहरूले विभिन्न विषयहरूमा यसरी प्रशिक्षण दिनुभएका थिए ।

| *प्रशिक्षकहरूको नाम* | *विषय* |
|---|---|
| १) हर्षमुनी शाक्य | बुद्धकालीन समाज, काठमाडौं उपत्यकामा बुद्धधर्म र शाक्य वंशको इतिहास |
| २) शान्तरत्न शाक्य | बुद्धधर्म, पञ्चशीलको महत्त्व र त्रिरत्न वन्दना |
| ३) देवकाजी शाकय | चतु आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग, धम्मपद र बुद्धधर्मको प्रचार प्रसारमा शाक्यहरूको योगदान । |

## बुद्धधर्म परिचयात्मक शिविर

बुद्ध विहार भृकुटीमण्डपका संस्थापक श्रद्धेय दिवंगत भिक्षु सुमंगल महास्थविर दिवंगत हुनुभएको दुई वर्ष भएको पुण्य स्मृतिमा बुद्ध विहार संरक्षण समितिको प्रायोजनमा वेलुवनाराम विहारको आयोजना र सुखी होतु पुच:को व्यवस्थापनमा ललितपुरको थेचो स्थित वेलुवनाराम विहारमा गत फागुन १३ र १४ गते दुईदिने "बुद्धधर्म परिचयात्मक शिविर सम्पन्न भएको समाचार छ ।

२०५७ फागुन १३ गते प्रमुख अतिथी भिक्षु कोण्डन्यले उक्त शिवरको उद्घाटन गर्नुभएको थियो भने फागुन १४ गते भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा उक्त शिविर समापन गरिएको थियो । उक्त दुइदिने शिविरमा विभिन्न बौद्ध विद्वानहरूले बुद्ध शिक्षा सम्वन्धी विभिन्न विषयहरूमा यसरी प्रशिक्षण दिनु भएका थिए–

| | *विषय* | *प्रशिक्षक* |
|---|---|---|
| १. | परिचयात्मक कक्षा | भिक्षु कोण्डन्य |
| २. | धार्मिक जीवन र युवावर्ग | भिक्षु सुशील |
| ३. | बुद्ध शासनको इतिहास | त्रिरत्न मानन्धर |
| ४. | बुद्ध र क्रान्तिकारी पक्ष | आर.बि. बन्ध |
| ५. | आधुनिक युगमा बुद्धधर्म | डा. लक्ष्मण शाक्य |
| ६. | शील, समाधि र प्रज्ञा | ञाणवती |
| ७. | बुद्ध, धर्म र संघ | प्रा. सुवर्ण शाक्य |
| ८. | बुध धर्म र समाज | विपेन्द्र महर्जन |
| ९. | धर्म र सांघिक जीवन | भिक्षु कोण्डन्य |
| १०. | बुद्धको अर्थनीति | भिक्षु अश्वघोष महास्थविर |

शिविरको अन्त्यमा विहारका उपाध्यक्ष कृष्ण महर्जनको सभापतित्वमा र भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा समापन समारोह आयोजना गरी ९० जना प्रशिक्षार्थीहरूलाई प्रमुख अतिथिले प्रमाण पत्र र पुस्तक प्रदान गरेका थिए । त्यसपछि उहाँले चाल्नी बुद्धिलाई छाडी नाग्लो बुद्धिलाई अपनाउनु पर्ने कुरा भन्नुभयो । उक्त समारोहमा भिक्षु कोण्डन्य, भिक्षु निग्रोध, भिक्षु सुशील, गौतम महर्जन, ज्यापु महागुठिका अध्यक्ष विपेन्द्र महर्जनले बोल्नु भएपछि प्रशिक्षार्थी मिलन महर्जन, सरु महर्जन, कृष्णकुमारी महर्जन, नन्दकुमारी मालीले प्रशिक्षणको उपलब्धि बारे आफ्नो विचार पोख्नुभयो ।



Downloaded from http://www.dhamma.digital

## विश्व विपश्यनाचार्य गोयन्काको स्वागत

विश्व विपश्यनाचार्य सत्यनारायण गोयन्का तथा श्रीमती गोयन्काको सहभागितामा करिव १ हजार साधक तथा साधिकाहरू सम्मिलित भएको "घुम्ती विपश्यना शिविर यात्रा" बम्बईबाट सारनाथ, बुद्धगया, राजगिरी, नालन्दा, वैशाली, श्रावस्ती, कुशीनगर हुँदै गत फागुन १७ गते एक दिवसीय कार्यक्रमका लागि लुम्बिनीमा पुग्नु हुँदा नेपाल विपश्यना केन्द्रका आचार्य, वरिष्ठ सहायक आचार्य, ट्रष्टी तथा लुम्बिनी विकास कोषका उपाध्यक्ष र अन्य महानुभावहरूले स्वागत गर्नुभएका थिए ।

यसै सिलसिलामा गत फागुन ५ देखि १६ गते सम्म गौतमी भिक्षुणी विहार लुम्बिनीमा १० दिवसीय विपश्यना साधना शिविर सञ्चालन गरिएको थियो । उक्त शिविरमा महिला पुरुष गरी जम्मा ९० जवान व्यक्तिहरूको सहभागिता रहेको जानकारी हुन आएको छ ।

यसको अतिरिक्त विपश्यनाचार्य गोयन्काको समुपस्थितीमा लुम्बिनीमा संघरत्न शाक्यले "धम्म जननी" केन्द्रको शिलान्यास पनि गर्नु भएको समाचार छ । गुरु गोयन्काले उहाँ लुम्बिनीमा रहनुहुँदा सामुदायिक साधना सञ्चालन गर्नुका साथै मायादेवी मन्दिर दर्शन गर्नुभई लुम्बिनीको महत्त्वबारे प्रवचन पनि गर्नुभएको थियो । प्रवचनको क्रममा उहाँले गौतम बुद्ध नेपालमा जन्मनु भई भारतमा बुद्धत्त्व प्राप्त गर्नुभएकोले यसबाट नेपाल र भारतको सम्बन्ध अति घनिष्ट भएको विचार व्यक्त गर्नुभएको थियो ।

तीर्थयात्रीहरूको सुविधामा सहयोग पुऱ्याउनु हुने नेपाल प्रहरी, भैरहवा अध्यागमन तथा भन्सार कार्यालय, महाबोधी सोसाइटी, कोरियन टेम्पल, बर्मिज टेम्पल, लुम्बिनी विकास कोष, गौतमी भिक्षुणी विहार लगायत अन्य संघसंस्थाहरूलाई पनि नेपाल विपश्यना केन्द्रले धन्यवाद ज्ञापन गरेको कुरा थाहा हुन आएको छ ।

## मज्झिम निकाय विमोचित

२०५७ फागुन २० गते ।

स्थानः रत्नाकर महाविहार, गाबहाल, ललितपुर ।

त्रिपिटकको दोस्रो निकाय ग्रन्थ मज्झिम निकाय (प्रथम पल्ट नेपालीमा अनुदित) एक समारोह बिच सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाज्यूको प्रमुख आतिथ्यमा विमोचन गरिएको छ ।

दुण्डबहादुर बज्राचार्यद्वारा अनुदित यस पुस्तकमा १०५० पृष्ठ रहेको र विमोचनको दिन बाहेक यस पुस्तकको मूल्य रु. ५००/- निर्धारित गरेको छ ।

स्मरणिय छ यस अघि अनुवादक दुण्डबहादुर द्वारा नेपालीमा अनुदित पुस्तक दीघनिकाय हो ।

### *प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्धारा नेपाली भाषाको दोस्रो त्रिपिटक ग्रन्थ मज्झिम निकायको कार्यक्रममा दिनुभएको संक्षिप्त वक्तव्य*

*(२०५७ फागुन २०)*

समारोहका सभापति ज्यू
आदरणीय भिक्षुहरू
महामहिम राजदूतहरू
दिदी-बहिनी तथा दाजु-भाइहरू ।

आजको यस पवित्र र अति नै महत्वपूर्ण कार्यक्रममा उपस्थित भएर बौद्ध संस्कृति र दर्शनका महत्वपूर्ण विद्वान्हरूका बीच रहन पाउँदा मैले शान्ति र आनन्दको अनुभव गरेको छु ।

नेपालको जनजीवन र सामाजिक क्षेत्रमा बौद्ध दर्शन र संस्कृतिको गम्भीर प्रभाव परेको छ । यस प्रभावलाई सैद्धान्तिक र बौद्धिक रूपमा बलियो टेवा दिन बौद्ध दर्शनसँग सम्बन्धित आधारभूत ग्रन्थहरूको नेपाली भाषा लगायत नेपालका अन्य महत्वपूर्ण राष्ट्रिय भाषाहरूमा समेत अनुवाद हुनु अति नै जरुरी र महत्वपूर्ण कार्य हो । यस दिशामा बुद्ध दर्शन सम्बन्धी महत्वपूर्ण ग्रन्थ "मज्झिम निकाय" को नेपाली अनुवाद गरेर विद्वान् दुण्डबहादुर बज्राचार्यले आम नेपाली जनताका बीच बुद्ध दर्शन र संस्कृतिको अध्ययनका निम्ति सजिलो बाटो तयार पारिदिनु भएको छ । यस अघि पनि उहाँले पाली भाषाबाट नेपाली र नेपालभाषामा बौद्धवाङ्मयका धेरै महत्वपूर्ण ग्रन्थको अनुवाद गरेर ठूलो योगदान गर्नु भएको छ । यी सबै कार्यका निम्ति श्री बज्राचार्यजीलाई म हार्दिक धन्यवाद दिन्छु ।

## धर्मदेशना

ललितपुर स्थित मैत्री विहारमा भिक्षु पञ्ञा विमलले धर्मदेशना गर्नुभएको समाचार छ । धर्मदेशना गर्नुहुँदै भिक्षु विमलले भन्नुभयो - "चित्त एकाग्र गरी स्मृतिवान हुँदै खराब आचरण त्याग गर्नु हाम्रो धर्म हो ।"

यही क्रममा दिलशोभा शाक्यले आफ्नो मन्तव्य व्यक्त गर्दै भन्नुभयो -"बुद्धको शरणमा जाने भनेको नै ध्यान भावना गरी अनित्य दुःख र अनात्मलाई बुझी कार्य गर्नु हो । मूर्तिमा चामल छर्की टिका लगाईदिएर पूजा गर्नु होइन ।"

लोक बहादुर शाक्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा बुद्धि बहादुर महर्जनले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## आँखा दान गर्ने व्यक्तिहरूलाई सधन्यवाद पत्र वितरण

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुच: नगदेशको संयुक्त आयोजनामा मरणोपरान्त आफ्ना आँखा दान गर्ने १७५ जवान दाताहरूलाई श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यू र थाइलैण्डका महामहिम राजदूत श्री पाउथेप वानाचिन्दाज्यूको तर्फबाट सम्मानपत्र र सधन्यवाद पत्र प्रदान गरिएको समाचार छ । नगदेश बुद्ध विहारको धम्महलमा आयोजित उक्त कार्यक्रम २५४५ औं आयु संस्कार परित्याग दिवसको उपलक्षमा संचालन गरिएको थियो । भिक्षु अश्वघोष महास्थविरले पञ्चशील प्रार्थना गराउनु भई शुरु गरिएको उक्त कार्यक्रममा नगदेश बौद्ध समूहका सचिव श्री कृष्ण कुमार प्रजापतिले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने नेपाल आँखा बैंक तिलगंगा आँखा केन्द्रका प्रतिनिधी श्री शंखनारायण त्वायना, मध्यपुर थिमी न.पा. वडा नं ४ का वडा अध्यक्ष श्री कैलाश भक्त प्रधानाङ्ग, अनोजा गुरुमां, थाइलैण्डका महामहिम राजदूत पाउथेप वानाचिन्दा लगायतका वक्ताहरूले शुभेच्छा मन्तव्य दिनुभएको थियो ।

नगदेश बौद्ध समूहका अध्यक्ष श्री ज्ञानकुमार बाडेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा समूहका उपाध्यक्ष श्री दीपकराज साँपालले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त कार्यक्रममा साहु ज्ञान ज्योती कंसाकार र केशावती गुरुमां पनि अतिथीको रूपमा उपस्थित हुनुहुन्थ्यो ।

## आँखा प्रत्यारोपण

नगदेश बुद्ध विहारका जेष्ठ उपासिका दिवंगत ज्ञानथकुं वाडेको एक आँखा झापा जिल्लाको "गौतम" थरको २१ वर्षिय युवकलाई प्रत्यारोपण गरिएको कुरा नेपाल आँखा बैंकका प्रतिनिधीबाट जानकारी गराइएको समाचार प्राप्त भएको छ । ७७ वर्षिय दिवंगत जेष्ठ उपासिकाको गुण स्मरण गर्दै नगदेश बुद्ध विहारले मृतकका परिवारप्रति समवेदना प्रकट गरिएको थाहा हुन आएको छ ।

## अफगानिस्थानको बुद्ध मूर्तिको संरक्षण

श्री बखत बहादुर चित्रकारको अध्यक्षतामा 'थेरवाद बौद्ध दायक केन्द्रिय परिषद' को २०५७/११/१८ को दिन बसेको कार्यकारिणी समितिको बैठकबाट तलको ब्यहोरा निर्णय भएकोले प्रकाशनार्थ प्रेषित गरिएको छ ।

**निर्णय:**

"प्राचिन ऐतिहासिक रुपमा अफगानिस्थानमा विश्वमा भएका बुद्ध मूर्तिमा सबभन्दा ठूलो बुद्धको मूर्ति रहेको गौरबको कुरा हो । पहिले पनि अफगानिस्थानको ठूलो बुद्ध मूर्ति ध्वस्त गर्ने कुरा हुँदा 'युनेस्कोको' प्रयासबाट बचाई राखेको थियो । हाल अफगानिस्थानका तालिवान सरकारले सबै प्रकारका देवंमूर्तिहरू ध्वस्त गर्ने घोषणा गरिसकेकोमा श्रीलंका सरकारले सो कार्यको बिरोध गर्दै शान्ति नायक बुद्ध मूर्ति संरक्षणको निम्ति संयुक्त राष्ट्र संघलाई अनुरोध गर्नुको साथै कुटनैतिक तर्फबाट पनि बुद्ध मूर्ति ध्वस्त नगर्न कदम चालु गरेको सह्रानिय भएकोले श्रीलंका सरकारलाई बधाइ ज्ञापन गर्ने साथै यस्तै कदम श्री ५ को सरकारले पनि चालु गरोस् भनि अनुरोध गर्ने निर्णय भयो ।"

## धर्मस्थलीमा धार्मिक कार्यक्रम

२०५७ फागुन ६ गते ।

स्थानीय जनताको श्रमदानले निर्माण गरिएको नयाँ चैत्यमा बुद्धमूर्ति स्थापना गरी उद्घाटन पुण्यकार्य सम्पन्न भयो । उक्त अवसरमा भिक्षु अश्वघोष महास्थविरले पालिसूत्र पाठ गरी पनिस्थाको कार्य शुभारम्भ गर्नुभएको थियो । शील प्रार्थना र बुद्धपूजा पछि ज्ञानमालाका अध्यक्ष शान्तरत्न शाक्यको सभापतित्वमा एउटा सभा समारोह भएको थियो । उक्त सभामा प्रमुख अतिथि स्वास्थ्य राज्यमंत्री तीर्थराम डंगोल, भूतपूर्व मंत्री राजेन्द्र श्रेष्ठ, ज्ञानमाला सल्लाहकार सर्वज्ञ रत्न तुलाधर, ज्यापू महागुठिका केन्द्रिय अध्यक्ष विपेन्द्र महर्जन, स्थानीय गा.वि.स.का सभापति उद्धव तिमिल्सिना, रामलाल श्रेष्ठहरूले आ-आफ्नो मन्तव्य प्रकट गर्नु भएको थियो । उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्नु भएको थियो । धर्मस्थली तजिलजि पासा खल:को तर्फबाट पाहुनाहरूको स्वागत सम्मान भएको थियो । उक्त कार्यक्रम पूर्णकाजी ज्यापूले संचालन गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## भिक्षु ज्ञानपूर्णिकलाई म्यान्मारको सम्मान पदवी



भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई म्यान्मार (बर्मा) सरकारले "अग्गमहा सद्धम्म जोतिक धम्म" भन्ने सम्मान पदवी अर्पण गर्नु भएको छ। बुद्ध धर्म प्रचारमा बुद्ध शासन चिरस्थायी गर्ने काममा उल्लेखनीय योगदान हुने व्यक्तिहरूलाई यो उपाधि दिने गर्दछ। भिक्षु ज्ञानपूर्णिक सहित ६ जना नेपालीहरूलाई म्यान्मार सरकारले सम्मान पदवी दिइसक्यो। ६ जनामध्ये (भिक्षुणी) धम्मवती गुरुमाँलाई अग्ग महागन्धवाचक पदवीले सम्मान गरिएको थियो।

भिक्षु ज्ञानपूर्णिक म्यान्मार देशमै शासन धजम्माचरिय परिक्षामा उतीर्ण हुनु भएको थियो। भिक्षु ज्ञानपूर्णिक महास्थविर अखिल नेपाल भिक्षु संघको सचिव, विश्वशान्ति विहार र बौद्ध शिक्षालयको संस्थापक हुनुहुन्छ। उहाँले बुद्धधर्म सम्बन्धी दर्जनौं नेपालभाषा (नेवारभाषा) र नेपालीमा पुस्तकहरू अनुवाद गरिसक्नु भएको छ। वहाँलाई धर्मकीर्ति विहारको तर्फबाट हार्दिक बधाई अर्पण गर्दछ।

## बौद्ध युवा संघ तानसेनको कार्य कारिणी समिति गठन

अध्यक्ष श्री समिर शेखर बज्राचार्य, निवर्तमान अ. श्री गम्भिरमान शाक्य, उपाध्यक्ष श्री नारायण बहादुर बज्राचार्य, सचिव श्री जीवन बज्राचार्य, कोषाध्यक्ष श्री विनय राज बज्राचार्य, सह-सचिव श्री बसन्तलाल बज्राचार्य, का.का.स. श्री सुनिल शाक्य, का.का.स. श्री दिपेन्द्र काजी शाक्य, का.का.स. श्री रोजेश बहादुर बज्राचार्य, का.का.स. अमिर शेखर बज्राचार्य, का.का.स. श्री दिपेन्द्र राज बज्राचार्य।

*प्रमुख सल्लाहकार तथा संरक्षक:*

श्रद्धेय भिक्षु विमलानन्द महास्थविर, सल्लाहकार श्री बुद्धरत्न शाक्य, सल्लाहकार श्री विश्वमान बज्राचार्य, सल्लाहकार श्री द्वारिका प्रसाद शर्मा, श्रीमती पूर्णमाया महर्जन, संगित निर्देशक तथा सल्लाहकार श्री महेशरत्न शाक्य।

## बौद्ध गतिविधि-धरान

२०५७ माघ १ गते धरान।

१. धरान स्थित बुद्ध विहारमा श्रीमती कृष्ण प्यारी ताम्राकारकी नातिनीको अन्नप्रासन बौद्ध संस्कार-द्वारा कार्य सम्पन्न गरियो।

२. त्यसै गरी माघ ७ गते ६ जना बालिकाहरूलाई बौद्ध सँस्कार अन्तर्गत ७ दिन ऋषिणी प्रव्रज्या गराई (गुफा राख्ने) बौद्ध शिक्षा अनुरूप बुद्ध-शिक्षा शीलपालन समेतको नियमद्वारा अ. सुमेधावतीले ७ दिन सम्म अध्ययन गराउनु भयो।

३. फागुन ७ गते श्रीमती चन्द्रमायाको घरमा बुद्धपूजा प्रार्थना र परित्राण-पाठ भन्तेहरूद्वारा गराई र अन्तमा दान-शील, भावनाको उपदेश अ. सुमेधावती द्वारा सम्पन्न गरियो। यसैगरी फागुन १७ गते पनि श्रीमती लक्ष्मी कर्माचार्यको घरमा धार्मिक कार्यक्रम सम्पन्न भयो।

४. फागुन १० गते श्रीमती निलकुमारी स्थापितको श्रीमान दिवंगत भएको ६ महिने कार्य बौद्ध संस्कारमा भिक्षु छविकिर्तिबाट परित्राण पाठ र अ. सुमेधावतीबाट आमा बाबुप्रति छोरा-छोरीको कर्त्तव्य बारे भगवान बुद्धको उपदेश माथी प्रकाश पार्दै उपदेश दिनुभयो।

५. फागुन २० गते अष्टमीको दिन दिवंगत अ. शुशीला गुरुमालाई हार्दिक श्रद्धाञ्जली अर्पित गर्दै शोक सभाको कार्यक्रम बुद्ध-विहार धरान परिवारबाट गरियो।

६. फागुन २६ गते बौद्ध विहार धरानमा बौद्ध संस्कार द्वारा दिने अस्थाई श्रामणेर प्रव्रज्या (चूडाकर्म) कार्य सम्पन्न गरियो। उक्त कार्यक्रममा श्री राज मोक्तानको २ छोरा स्व. जय कु. सिङ्देनका १ छोरा र १ तामाङ्ग र १ जना ताम्राकार गरी जम्मा ५ जनालाई भि. छविकिर्तिबाट प्रव्रज्या गराई प्रार्थना गराउनु भएको थियो। साथै अ. सुमेधावतीबाट शील तथा कुशल कर्मबारे बुद्धको उपदेश दिनुभयो र अन्तमा यस बौद्ध विहारको उपासक सचिव श्री खड्ग ब. मोक्तानबाट श्रामणेरको महत्वबारे बुद्ध शिक्षा माथी प्रकाश पार्नु भएको थियो।

## नमो बुद्धाय:

धरान फागुन २७ गते।

तालिवान सरकारले त्यहाँका प्राचिन बुद्ध मूर्तिहरू भत्काएको विरोधमा, बुद्ध विहार धरान-८ का का.वा. अध्यक्ष श्रीमती इन्दिरा हल्वाईज्यूको अध्यक्षतामा धरानस्थित सम्पूर्ण बौद्ध संस्थाहरूको संयुक्त आयोजनामा, धरानमा एक वृहत "विरोध मौन जुलुस" को कार्यक्रम सम्पन्न भयो।

बुद्ध विहार धरान - ८ का सचिव मेजर श्री खड्गबहादुरज्यूको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा बुद्ध विहार चैत्य विहार, गुम्बाहरूका अतिरिक्त विभिन्न धार्मिक, जातीय, भाषिक, धरानस्थित

शैक्षिक संस्था सामाजिक संस्था, संगठनका विद्वत वर्ग, बुद्धिजिवी देखी लिएर सर्वसाधारण सबै जात जातिवर्ग, पत्रकार वन्धुहरूको सहभागिता रहेको थियो ।

यस कार्यक्रममा भिक्षुहरू, गुरुमाँहरू, लामागुरुहरू अग्रपंक्तिमा रहनु भएको थियो भने, "जामा मस्जिद" का मुसलमान वन्धुहरूको पनि सहभागिता रहेको थियो ।

अफगानिस्तानमा रहेको विश्वशान्तिका अग्रदूत भगवान बुद्ध विश्वकै सबैभन्दा अग्लो ५३ मिटर अग्लो बुद्धको मूर्तिलाई तालिवान निरंकुश सत्ताले डाइनामाइट द्वारा ध्वस्त गरेर धार्मिक सद्भाव र विश्वशान्तिलाई दिएको चुनौतिको घोर भर्त्सना गरी निकालिएको विरोध शान्त मौन "जुलुस" बुद्ध विहार धरान-८ बाट प्रस्थान गरी नगर परिक्रमा गरेर सफलतापूर्वक सम्पन्न गरियो ।

!! भवतु सब्ब मंगलम् !!

**प्रस्ताव नं. १ :**

विश्व सम्पदामा रहेको अफगानिस्तानस्थित २००० वर्ष पुरानो शान्तिका अग्रदूत महामानव भगवान गौतम बुद्धको प्रतिमा तालिवान सरकारद्वारा भत्काउने निर्णयको घोर विरोध गर्न मिति ०५७ साल फागुन २७ शनिवारका दिन दिउँसो ११:०० बजे बुद्ध विहार, धरान-८ बाट शुभारम्भ गरी भानु चोकमा ऱ्याली समापन गरिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :**

२०५७ साल फागुन २७ गते, शनिवारका दिन विरोध ऱ्यालीको आयोजना गर्न श्री खड्गबहादुर मोक्तानज्यूको संयोजकत्वमा सम्पन्न गरिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :**

बुद्ध विहार, धरान - ८ का सचिव श्री खड्ग ब. मोक्तानज्यूको संयोजकत्वमा उप-समितिको गठन यस प्रकारले गरियो :-

| | |
|---|---|
| श्री बालकृष्ण हल्वाई | - अध्यक्ष भिगु समाज |
| श्री पासाङ्ग शेर्पा | - अध्यक्ष शेर्पा गुम्बा |
| श्रीमती रमना श्रेष्ठ | - अध्यक्ष ज्ञानमाला संघ |
| श्रीमती धर्म कु.मोक्तान | - अध्यक्ष बौद्ध संस्कार संघ |
| श्री नरेन्द्र तमु | - अध्यक्ष नेपाल बौद्ध गुम्बा |
| श्री टेक तमु | - अध्यक्ष तगु दोज धिं, सुनसरी |
| | - अध्यक्ष हिमालय महायान रिन्छेन छ्योलिङ्ग गुम्बा |
| श्री डावा लामा | - अध्यक्ष हिमालय महायान देक्षेन छ्योलिङ्ग बुद्धिष्ट गुम्बा |
| श्री मोहन श्रेष्ठ | - अध्यक्ष सम्यक शिक्षा समूह |
| श्री दुर्गाराज शाक्य | - अध्यक्ष स्वयम्भू चैत्य महाविहार |
| श्री शिवराज श्रेष्ठ | - अध्यक्ष बौद्ध युवा साथी |
| श्री हंस ब. देलागी मगर | - अध्यक्ष मगर संघ, धरान-१५ |
| श्री बुद्धराज मोक्तान | - अध्यक्ष महासचिव, धर्मोदय सभा |
| श्री गजेधन लिम्बु | - अध्यक्ष किरात याक्थुङ्ग चुम्लुङ्ग |
| श्रीमती विष्णु देवी श्रेष्ठ | - अध्यक्ष बुद्ध विहार |
| श्री नुगाधन राई | - अध्यक्ष किरात राई याथोख्खा |

**प्रस्ताव नं. ४ :**

विरोध ऱ्याली सम्पन्न गर्न विहार, चैत्य विहार र गुम्बा ........ साथै भातृ संस्थाबाट समेत रू. ५००/- (अक्षेरूपी पाँच सय मात्र) का दरले अर्थ संकलन (तथा अनुरोध) गरिने निर्णय गरियो ।

## सुशिला गुरुमांयात श्रद्धाञ्जली

**जिमी योम्ह निनी थौं जिमी न्ह्योने मन्त**
**गन वन, सुनां यन, सुना नं मखंक**
**जन्म नापं हे ल्यू ल्यू वइगु मरणं**
**यात ज्वी भी सुशिला गुरुमांया हरण ।**
**वि.सं. १९७२ सालया फागु पुन्हिं खुन्हु**
**जन्म जुया बिज्यात भोजपुर गामे**
**मिस्तयुसं नं आखः सयके माः धका**
**सः थ्वयुका बिज्यात वहे थासे**
**अबु व किजाया मृत्यु खनां**
**अनित्य थ्व जीवन धैगु थ्वीका**
**२९ दँया बैसयु वि.सं. २००१ पौष पुन्ही खुन्हु**
**प्रव्रजित जुया बिज्यात कुशि नगरे**
**परियत्ति शिक्षाया विकाशे**
**फक्व याना बिज्यात ग्वहालि**
**थनं वि.सं. २०३० सालयु, ५८ दँया बूढ उमेरे**
**उत्साह तया प्रथम कोविद उपाधि कया बिज्यात**
**भोजपुर, तानसेन, यल व थाय् थासे**
**बौद्ध परियत्ति कक्षा संचालन याना बिज्यात**
**उर्लाबारी, बयरवन, बिराटनगरे बुद्ध विहार दयुकेत**
**होस्ते हैंसे याना बिज्यात**
**मनुष्य जीवन कया पू वंका बिज्यात थःगु कर्त्तब्य**
**धन्य छलपोल सुशिला गुरुमां**
**मिखाँ मखंका दुःख सिया च्वंपिंसं**
**थ्व संसार स्वयू दयूमा धैगु मती तया**
**मरणं लिपा मिखा दानया इच्छा पत्रयाना**
**थःगु अनमोल जीवनया सार दयुका बिज्याना**
**थ्व हे २०५७ फागुन ९ गते चान्हे सवा एघार बजे**
**छलपोल थ्व संसारं बिदा कया बिज्यात**
**छलपोलयात साधु, साधु, साधु !**

✏ ***कृष्णमान शाक्य***, *भोजपुर*
*हाल: भोजपुर टक्सार*
*बौद्ध शाक्य समाज, काठमाडौं ।*



Downloaded from http://www.dhamma.digital

## ओशो तपोवनमा बुद्ध प्रतिमाको स्थापना

ओशो सम्बन्धी दिवस र ओशो तपोवनको ११ औं वार्षिक अवसरमा ओशो तपोवनले अफगानिस्थानमा तालिवान समूहले गरेको बुद्ध मूर्ति विखण्डनको रचनात्मक ढंगले विरोध गर्दै तपोवनको प्राङ्गणमा पूर्ण कदको बुद्ध प्रतिमाको निर्माण गरी त्याङबोचे गुम्बाका रिम्पोछेद्वारा लामा विधिबाट विधिवत पूजा आजा र प्राण प्रतिष्ठा सम्पन्न भयो ।

उक्त अवसरमा पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको सभापतित्वमा सर्वपक्षीय विचार गोष्ठीको पनि आयोजना गरियो ।

विचार गोष्ठीका प्रमुख वक्ताहरूमा नेकपा (एमाले) का सांसद रघुजी पन्त, नेकपा (माले) का केन्द्रीय सदस्य सलिम मियाँ अन्सारी, नेपाली कांग्रेसका नेता रामहरि जोशी, प्रेस काउन्सिलका अध्यक्ष तथा पत्रकार हरिहर विरही, नेपाल बुद्ध समाजका अध्यक्ष प्रेमबहादुर शाक्य, धर्मोदय सभाका महासचिव सुवर्ण शाक्य, योग प्रशिक्षिका डा. समा शाही र तपोवनका आचार्य स्वामी आनन्द अरूण हुनुहुन्थ्यो ।

सभापतिको आसनबाट बोल्दै पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले ओशो तपोवन आजको परिस्थितिमा मरुभूमिको बीचमा ओयोसिस जस्तै भएकोले संस्थाको नेपाल भरी नै खाँचो रहेको बताउनुभयो । कार्यक्रममा सांसद रघुजी पन्तले तालिवानको मूर्खताको सिर्जनात्मक विरोध ओशो तपोवनबाट मात्र सम्भव भएको धारणा प्रकट गर्नुभयो ।

बुद्ध समाजका अध्यक्ष प्रेमबहादुर शाक्य बुद्धको कारण हामी नेपालीहरूले संसारको जुन कुनामा पनि आदर पाएका छौं र तपोवनले बुद्ध मूर्ति स्थापना गरी ठूलो कार्य गरेको धारणा प्रकट गर्नुभएको थियो ।

धर्मोदय सभाका महासचिव सुवर्ण शाक्यले बुद्ध धर्मको इतिहास प्रस्तुत गर्दै तालिवानको कुकृत्यको ओशो तपोवनले उचित उत्तर दिएको छ भन्नुभयो । शक्तियोगका डा. समा शाहीले तपोवनले आयोजना गरेको यो विचार गोष्ठीले विभिन्न पक्षमा एकताको शुरूवात भएको धारणा राख्नुभयो ।

तपोवनका आचार्य स्वामी आनन्द अरुणले पाश्चात्य संस्कृति र बजारमुखी अर्थतन्त्रको आँखा चिम्लेर अनुकरण गरेको मूल्य नेपालले नराम्ररी चुकाउनु पर्ने बताउनुभयो ।

*(साभार समाचार पत्र)*

## धर्मबहादुर धाख्वा कल्याण कोषपाखें हना-पौ देछाना कार्यक्रम

२०५७ फागुन १३ गते शनिवार ।

बुद्ध धर्म र बौद्ध संस्कृतिया संरक्षण व सम्बर्द्धनया ज्याय् ग्यसुलाक योगदान बिया च्वंगु संस्थात हिरण्य वर्ण महाविहार तारेमाम संघ नागबहा व नेपाल बौद्ध परियत्ति शिक्षायात धर्मवहादुर कल्याण कोषपाखें हना-पौ देछायेगु ज्याझ्व जुल । थुगु कोषया संस्थापक व संरक्षण भाजु धर्मबहादुर धाख्वाया ८५ दँ क्यंगु शुभजन्मोत्सवया उपलक्ष्यस आनन्दकुटी विहार गुठीयात व दाँ ग्वाहाली व्यूगु जुल । अथे हे श्रद्धेय अनगारिका अग्गञाणीयात शासन धज धम्माचरिय उपाधि प्राप्त यागुया लसताय् वसपोलयात साधुवाद पौ देछायेगु ज्या जुल ।

धर्मवहादुर धाख्वा कल्याण कोषया अध्यक्ष श्री देवरत्न धाख्वाया सभापतित्वे जूगु उगु सभा पञ्चशील प्रार्थना याना प्रारम्भ जूगु खः । थुगु कोषया उपाध्यक्ष श्री उत्तमरत्न धाख्वापाखें स्वागत भाषण याना बिज्यागु खःसा पाँहा भाजु प्रा. आशाराम शाक्यं मन्तव्य व्यक्त याना बिज्यागु खः । अनंलि मू ज्याझ्व कथं प्रमुख अतिथि ल.पु. उपमहानगर प्रमुख श्री बुद्धिराज बज्राचार्यपाखें हना-पौ लःल्हाना बिज्यात । संरक्षक श्री धर्मवहादुर धाख्वापाखें तारेमाम संघ, नेपाल बौद्ध परियत्ति शिक्षा व आनन्दकुटी विहार गुठीयात म्हतिं न्येद्व न्येद्व दां लःल्हाना बिज्यागु जुल ।

थुगु कोषया सदस्य श्री पद्मरत्न धाख्वा नं तारेमाम संघया म्हसिका न्ह्यथना बिज्यागु खःसा सुश्री अमिता धाख्वा नं नेपाल बौद्ध परियत्ति शिक्षाया परिचय वथें श्री विनय रत्न धाख्वां आनन्दकुटी विहार गुठीया परिचय व डा. रंजना धाख्वानं श्रद्धेय अनगारिका अग्गञाणी गुरुमांया परिचय न्ह्यब्वया बिज्यात । अथेहे थुगु कार्यक्रमे हंगु संस्थातपाखें मन्तव्य बिइगु ज्वलय् तारेमाम संघपाखें सचिव ज्ञानवहादुर शाक्य, नेपाल बौद्ध परियत्ति शिक्षापाखें शिक्षाध्यक्ष भिक्षु बुद्धघोष महास्थविर वथे आनन्दकुटी विहार गुठीपाखें भिक्षु कुमार काश्यप व रत्न वहादुर वज्राचार्य मन्तव्य व्यक्त याना बिज्यात । उगु कार्यक्रमे धम्माचरिय अग्गञाणी गुरुमां नं थम्हं बुद्ध धर्म बर्माय् गुकथं अध्ययन यानागु बारे अनुभव व्यक्त याना बिज्यात । श्री धर्मरत्न शाक्य त्रिशुलीजु श्री धर्म बहादुर धाख्वायात धर्मया सफूत उपहार लःल्हागु जुल । अनंलि सभापतिपाखें धन्यवाद बियालि पुण्यानुमोदनं कार्यक्रम क्वचागु जुल ।

## बुद्ध जयन्ती समारोह समिति

२५४५ क्वःगु बुद्ध पूर्णिमा ताःलाक हनेत संघनायक भिक्षु अनिरुद्ध महास्थविरया अध्यक्षताय् २५४५ क्वःगु बुद्ध जयन्ती मूल समारोह समिति नीस्वंगु दु। उगु समितिइ प्यम्ह उपाध्यक्षपिं भिक्षु कुमार काश्यप महास्थविर, बुद्धरत्न बज्राचार्य, श्यामकृष्ण मानन्धर व नानीभाई स्थापित च्वनादीगु दु।

महासचिव, सचिव, सह-सचिव, कोषाध्यक्ष व सह कोषाध्यक्ष पदय् छसिकथं गौतम शाक्य, डा. अनूप श्रेष्ठाचार्य, संघरत्न शाक्य, माणिकरत्न शाक्य व मणिरत्न तुलाधर च्वनादीगु दु। बुद्ध जयन्तीया लसताय् जुइगु थी थी ज्याङ्वः ताःलाकेत थी थी व्यक्तितय्गु संयोजकत्वय् झिंस्वंगू थी थी उप-समितित नं नीस्वंगु दु। गुकी प्रचार प्रसार उप-समितिइ भिक्षु कौण्डन्य, विहार श्रृंगार उप-समितिइ श्रामणेर शासनरत्न संयोजक च्वना बिज्याःगु दु।

अथेहे अस्तिधातु यात्रा उप-समितिइ लक्ष्मीदास मानन्धर, चन्दा संकलन उप-समितिइ तुल्सी कृष्ण मानन्धर, रक्तदान तथा चक्षुदान उप-समितिइ रामेश्वर प्रसाद श्रेष्ठ, पात्रो प्रकाशन उप-समितिइ संघरत्न शाक्य, स्मारिक प्रकाशन उप-समितिइ अष्टमुनि गुभाजु, खाद्य व्यवस्थापन उप-समितिइ हर्षवहादुर मानन्धर, बौद्ध कवि गोष्ठी तथा साँस्कृतिक उप-समितिइ मय्जु बेटी बज्राचार्य, समारोह प्रबन्ध उप-समितिइ रत्नबहादुर बज्राचार्य, मञ्च श्रृंगार उप-समितिइ दीर्घमान श्रेष्ठ, अस्तिधातु प्रदर्शन उप-समितिइ रत्नकाजी ताम्राकार व स्वयंसेवक परिचालन उप-समितिइ आनन्दकुटी विद्या पीठया विद्यार्थीतय्त संयोजक ल्यःगु दु।

## सुमंगल स्मृति सिरपा संघनायक भिक्षु अनिरुद्धयात

बुद्ध विहार भृकुटी मण्डप व बौद्ध वृद्धाश्रम भ्वँतया संस्थापक श्रद्धेय दिवंगत भिक्षु सुमंगल महास्थविरया लुमन्तिइ नीस्वनातःगु "सुमंगल स्मृति अभिनन्दन सिरपा" थुगुसी नेपाःया संघनायक भिक्षु अनिरुद्ध महास्थविरयात बीगु खँ क्वःज्यूगु दु।

थुगु सिरपा बुद्ध शासनिक क्षेत्रे योगदान ब्यूपिन्त दच्छिया छको बुद्ध विहार संरक्षण समितिपाखें लःल्हानाः हनावनेगु ग्वसाः ग्वःगु खः। थुगु शिलसिलाय् संघनायक भिक्षु अनिरुद्धयात छगू समारोह यासे उगु सिरपा लःल्हाइगु दु।

## दयावीरसिंह म्वाना हे च्वनीतिनि

"रूपजी रति मच्चानं नाम गोत्तं न जीरति"

अर्थात- मनूतय् रूप स्यना वं तर नां व गोत्र ल्यना च्वनी।

परोपकारी दयावीरसिं कंसाकारया शरीर मन्त खः तर वय्कया नां व गोत्र ल्यना च्वंगु दनि। परोपकार संस्था, परोपकार अनाथालय, परोपकार स्कूल, दत्तले यात दयावीरसिं मसीनि म्वाना च्वंगु दनि। थापाथलियागु प्रसूति गृह नं वय्कयागु हे कीर्ति खः। तर मेमेगु संस्थान अस्पताल निजीकरण याइगु योजना दय्का च्वनीम्ह सरकारं दयावीरसिं कसायागु कीर्ति चले जुया च्वंगु प्रसूति गृह सरकारी करण याना बिल। सरकारया नं ईर्ष्या जुलला मस्यु। न्यनेदुथें प्रसूति गृह सरकारं कासेंनिसें दयावीरसिं कसाया साप नुगः मछिं धाःगु। थज्योगु परोपकारया ज्या याइपिं गुबलें सी मखु न्ह्याबलें म्वाना च्वनी। – मेघदूत

सुनां रोगीयागु सेवा याइ वं जिगु सेवा याःगु जुइ।" - बुद्ध

### धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सूचं

**२५४५ क्वःगुँ स्वाँया पुन्हीया लसताय् ग्वसाः ग्वयागु हि-दान ज्याङ्वलय् ब्वति कया हि-दान यानादिसँ रोगीपिनिगु सेवा यानादिसँ।**

हि-दान ज्याङ्वः जुइगु –

दिं : २०५८ बैशाख २२ गते शनिबाः
ई : सुथसिया ८:३० ताः निसें
थाय् : धर्मकीर्ति विहार, श्रीघः नःघः, यँ

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital